IslamHouse.com

# अल् इसाबा

## सहाबाहरूको श्रेष्ठता र हक अधिकारको बारेमा

[ नेपाली - Nepali - نيبالي]


**लेखक**

शैख अब्दुल्लाह बिन सालेह अल कुसैयिर

**अनुवादक**

अतीकुर्रहमान मु.इदरीस खान मक्की

**संशोधन**

मुहम्मद इदरीस सलफी

# الإصابة
# في فضائل وحقوق الصحابة
## رضى الله عنهم

للشيخ عبد الله بن صالح القصير

المترجم

عتيق الرحمن محمد إدريس خان مكي

المراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم


## सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।



To connect Translator: 0501372254

للتواصل مع المترجم: 0501372254

अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४



प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.

नि:शुल्क वितरणको लागि मात्र


## पुस्तक पाइने ठेगाना -:


□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत हुन् । र उहाँका साथीहरू यस उम्मतका सर्वश्रेष्ठ मानिसहरू थिए जिनले इस्लामलाई विस्तार गर्नुको लागि आफ्नो ज्यान माल अर्पण गरे । र जिनलाई अल्लाहले सुमार्गी सत्यनिष्ठहरूको समूहले सम्बोधित गऱ्यो र उनीहरूलाई आस्थाको मानक सिद्ध गऱ्यो । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तक इस्लामका प्रसिद्ध विद् शैख अब्दुल्लाह बिन सालेह अल् कुसैयिर ज्यूले लेखेका लेखहरूमध्ये एउटा लेख हो जुन सहाबाहरूको श्रेष्ठता र उनीहरूप्रति मुसलमानहरूको दायित्व र उनीहरूको आदर सम्मानबारे ज्ञान गराउँछ। यसको विषय हामी मुसलमानहरूको लागि अति महत्वपूर्ण भएकोले मैले यसको अनुवाद आफ्नो मातृभाष नेपालीमा गर्नुको लागि मनोनीत गरेको छु। किनकि वर्तमान कालमा केही यस्ता मानिसहरू देखा परेका छन् जुन सहाबाहरूमाथि टिप्पणी गर्न थालेका छन् र अरुलाई सहाबाहरूको बारेमा भ्रमित गरिरहेका छन्, जसमा शीआहरू प्रथम छन् । यसर्थ म त्यसै भ्रमलाई प्रमाणको तुलामा राखि त्यसलाई निराधार प्रमाणित गर्ने उद्देश्यले यस किताबको अनुवाद गरिरहेको छु । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस

सानो प्रयासद्वारा हाम्रो समाजलाई भ्रमबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)


**<u>अनुवादक</u>**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# प्रक्काथन

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्, र अन्तिम सुपरिणाम अल्लाहसित डर मान्नेहरूको लागि छ, र अभिशाप मात्र अत्याचारीहरूको लागि छ । र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही साझीदार छैन, त्यो नै वास्तविक सम्राट हो । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसका भक्त एवं सन्देष्टा हुन्, र सत्यवान धरोहरी र स्पष्ट उपदेशक हुन् । जहाँलाई प्रलयभन्दा अघि सत्यताको साथ पूर्ण जगतको लागि सावधानकर्ता, र आस्थावानहरूको लागि शुभसूचक, र समस्त सृष्टिको लागि स्पष्ट प्रमाण र निशानी बनाएर पठाइयो ।

यसर्थ अल्लाहलको परम् शान्ति र दया अवतरित होस् उहाँमाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि, जुन उहाँमाथि विश्वास गरे र आस्था ल्याए, र उहाँको प्रत्येक प्रकारले सहायता गरे, र

त्यस प्रकाशको (कुरआनको) अनुशरण गरे जुन उहाँको साथै अवतरित गरिएको थियो, त यिनै मानिसहरू नै सफलता प्राप्त गर्नेवाला हुन् ।

त सहाबाहरू (रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू) रजिअल्लाहो अन्हुम (उनीमाथि अल्लाहको कृपा र दया अवतरित होस्) जुन कुराहरूद्वारा अरुमाथि श्रेष्ठ र विशिष्ट भए त्यो यो हो कि अल्लाहले उनीहरूलाई मुहम्मद सल्लल्लाहो अैहे वसल्लमको साथी बनायो जुन कि समस्त सन्देष्टाहरूको समापक र नायक हुन् । र उनीहरूको युग समस्त युगहरूभन्दा श्रेष्ठ थियो, र उनीहरू यस इस्लाम धर्मका सत्य र वास्तविक नायक हुन्, र इस्लाम धर्मका (सनद) प्रमाण हुन्, र समस्त मुसलमानहरूका इमाम र नायक हुन्, र समस्त उम्मतहरू (समूहहरू) भन्दा अधिक अल्लाहको मार्गमा युद्ध (धर्मयुद्ध) गर्नेवाला हुन् । र उनीहरूको श्रेष्ठताका केही प्रमाणहरू निम्नमा प्रस्तुत गर्दछुः

(क) पवित्र कुरआनमा अल्लाहले उनीहरूको प्रशंसा गरेको छ, र उनीहरूको आस्था इस्लाम र एहसान (

उपकार) माथि साक्ष्य बसेको छ, र उनीहरूलाई उनीहरूको तौबा कबूल हुने र उनीहरूसित प्रसन्न हुने र जुन पनि अनुकम्पाहरू अल्लाहले सुकर्मीहरूको लागि तयार पारेर राखेको छ ती समस्त उनीहरूलाई प्रदान गर्न सुसमाचार सुनाएको छ ।

(ख) नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूको स्वर्गबासी हुने कुराको गवाही दिएका छन्, र यो पनि खबर दिएका छन् कि उनीहरू यस उम्मतका सर्वोत्कृष्ट मानिसहरू हुन् र सर्वोत्कृष्ट युगमा छन् । र यस बाहेक उनीहरूको श्रेष्ठता र प्रशंसाबारे अरु हदीस र श्लोकहरू वर्णित छन् ।

(ग) समस्त मुसलमानहरू उनीहरूको श्रेष्ठता र उच्चतम श्रेणीमाथि एकमत छन् ।

त यस उम्मतमा उनीहरूको ठूलो दर्जा र उच्च श्रेणीमाथि कुनै न्यायकर्तालाई सन्देह हुनै सक्दैन, र यदि त्यो मुसलमान पनि होस् भने झनै सन्देहको कुरै उठ्दैन । तर वर्तमान कालमा केही मानिसहरूले उनीहरूबारे कुरा गर्न थालेका छन्, र

उनीहरूको व्यक्तित्वमा विकार खोज्न थालेका छन्, र यी समस्त घृणित कुराहरू पछाडि उनीहरूको मनसाय यो हो कि: सहाबाहरूमाथि वा केही सहाबाहरूमाथि टिप्पणी गरुन् वा उहाँहरूको दर्जालाई कम गरुन् । अत: यस्तो गर्नु इस्लाम धर्म र अल्लाहको वाणी एवं रसूल सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वमाथि टिप्पणी गर्नु सरह छ जुन यस्तो सन्देष्टा हुनुहुन्छ कि आफ्नो तर्फबाट केही भनेका छैनन् । यस्तै त्यसको अभिप्रायमध्ये हो: इस्लामीय विधानको प्रमाणित सनदलाई सन्देहजनक बनाउनु, र नास्तिक अधर्मीहरूको साथ दिनु, र युवाहरूलाई दिग्भ्रमित गर्नु, र इस्लामका शत्रुहरूलाई प्रसन्न पार्नु । त यी यस्ता अनैतिक गतिविधिहरू हुन् जसलाई मात्र दिग्भ्रमित मानिसहरू गर्छन्, जुन यस्तो दावी गरिरहेका छन् जसबारे उनीलाई केही ज्ञान नै छैन, जुन आफूलाई वैज्ञानिक र अनुसंधानकर्ता दर्शित गर्न खोज्दछन्, तर तिनका हृदयहरूमा नास्तिकता र कपटपना जागृत छ । त यस्ता गर्नेहरू मात्र आफूलाई नै हानि पुऱ्याइरहेका छन्, र यदि आफ्नो मृत्यु अघि

यसबाट तौबा (प्रयाश्चित) गरेनन् भने यसको परिणाम अति दुखदायी हुनेछ, किनकि उनी आफ्ना घृणित लेख र गतिविधिहरूद्वारा उवद्रव मचाउन खोज्दछन्, र अल्लाहको फर्मान छ:

﴿ وَٱللَّهُ يَعۡلَمُ ٱلۡمُفۡسِدَ مِنَ ٱلۡمُصۡلِحِۚ ﴾ البقرة: ٢٢٠

अर्थ : असल नियत राख्नेहरूलाई र उपद्रवीहरूलाई अल्लाह राम्ररी जान्दछ। (सूरतुल् बकर: २२० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ إِنَّ ٱللَّهَ لَا يُصۡلِحُ عَمَلَ ٱلۡمُفۡسِدِينَ ﴾ يونس: ٨١

अर्थ : अल्लाहले यस्ता उपद्रवीहरूको कामलाई सफल पार्दैन। ( सूरतु यूनुस ८१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ إِنَّ ٱلَّذِينَ يُلْحِدُونَ فِيٓ ءَايَٰتِنَا لَا يَخْفَوْنَ عَلَيْنَآۗ أَفَمَن يُلْقَىٰ فِي ٱلنَّارِ خَيْرٌ أَم مَّن يَأْتِيٓ ءَامِنًا يَوْمَ ٱلْقِيَٰمَةِۚ ٱعْمَلُواْ مَا شِئْتُمْ إِنَّهُۥ بِمَا تَعْمَلُونَ بَصِيرٌ ٤٠ ﴾ فصلت: ٤٠

अर्थ : नि:सन्देह जुन मानिसहरूले हाम्रा आयतहरूका बारेमा छलकपटको नीति अपनाउँछन् उनीहरू हामीबाट लुकेका छैनन् । तसर्थ भन त के त्यो व्यक्ति राम्रो छ जुन आगोमा हालिनेछ वा त्यो जो कयामतको दिन निश्चिन्त भएर आउनेछ ? तिमी जे चाहन्छौ गर्दै जाऊ, जे जति तिमीले गरिराखेका छौ उसले सबै देखिराखेकै छ । ( सूरतु फुस्सिलत ४० )

ताकि यी मूर्खहरूलाई यो ज्ञान भइहालोस् कि सहाबाहरू आकाशका ती ताराहरू झैं छन् जिनको माध्यमले बुद्धिजीविहरू पथप्रदर्शन गर्छन् । र उनीहरूलाई कुकुरको चिचाउनुले कुनै फर्क पर्दैन, र अल्लाह उनीहरूको पक्षधर हो, र उनीहरूको प्रतिरक्षा गर्ने बचन दिएको छ, यसर्थ अल्लाहको यस

कथनबाट उनीहरूको सर्वोत्कृष्ट अंश छः अल्लाहको भनाई छः

﴿ إِنَّ ٱللَّهَ يُدَٰفِعُ عَنِ ٱلَّذِينَ ءَامَنُوٓاْۗ إِنَّ ٱللَّهَ لَا يُحِبُّ كُلَّ خَوَّانٖ كَفُورٍ ٣٨ ﴾ الحج: ٣٨

अर्थ : (हे पैग़म्बर) सुनिराख सच्चा मोमिनहरूबाट शत्रुलाई स्वयम् अल्लाहले हटाइराख्दछ । अल्लाहले कदापि कुनै विश्वासघाती, कृतध्नलाई मनपराउँदैन । ( सूरतुल् हज्ज ३८ )

र यस्तै अल्लाहको फर्मान छः

﴿ مُّحَمَّدٞ رَّسُولُ ٱللَّهِۚ وَٱلَّذِينَ مَعَهُۥٓ أَشِدَّآءُ عَلَى ٱلۡكُفَّارِ رُحَمَآءُ بَيۡنَهُمۡۖ تَرَىٰهُمۡ رُكَّعٗا سُجَّدٗا يَبۡتَغُونَ فَضۡلٗا مِّنَ ٱللَّهِ وَرِضۡوَٰنٗاۖ سِيمَاهُمۡ فِي وُجُوهِهِم مِّنۡ أَثَرِ ٱلسُّجُودِۚ ذَٰلِكَ مَثَلُهُمۡ فِي ٱلتَّوۡرَىٰةِۚ وَمَثَلُهُمۡ فِي ٱلۡإِنجِيلِ كَزَرۡعٍ أَخۡرَجَ شَطۡـَٔهُۥ فَـَٔازَرَهُۥ

فَٱسۡتَغۡلَظَ فَٱسۡتَوَىٰ عَلَىٰ سُوقِهِۦ يُعۡجِبُ ٱلزُّرَّاعَ لِيَغِيظَ بِهِمُ
ٱلۡكُفَّارَۗ وَعَدَ ٱللَّهُ ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ مِنۡهُم
مَّغۡفِرَةٗ وَأَجۡرًا عَظِيمَۢا ﴿٢٩﴾ الفتح: ٢٩

अर्थ : मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम ) अल्लाहका रसूल हुन् र जुन मानिसहरू उनको साथमा छन् काफिरहरूको लागि कठोर छन् र आपसमा दयालु । तिमीले उनीहरूलाई रुकूअ्मा, सजदामा, अल्लाहको उदार अनुग्रह र उसको प्रसन्नता चाहिराखेको देख्नेछौं । उनीहरूको अनुहारमाथि सिज्दाको चिन्ह छ । तिनीहरूको यही विशेषताहरू तौरैतमा छ र इन्जिलमा पनि त्यस खेती जस्तै उल्लेखित छ, जसले आफ्नो अंकुर निकाल्यो, अनि उसलाई शक्ति पुऱ्यायो र त्यो मोटो भयो र त्यो आफ्नो तनमाथि (डाँठमा) सीधा खडा भयो र किसानलाई प्रसन्न पारेको छ, ताकि उनीहरूलेगर्दा इन्कार गर्नेहरूको हृदयमा ईर्ष्या उत्पन्न गराओस् । यी ईमानवालाहरू र असल कर्म

गर्नेहरूसित अल्लाहले क्षमा र ठूलो प्रतिफलको वाचा गरेको छ । (सूरतुल् फतह २९)

यसर्थ मुनाफिक (कपटी) नास्तिक (काफिर) बाहेक बाहेक अरु कुनै मान्छे उनीहरूको मरणोपरान्त उनीहरूसित ईर्ष्या राख्दैन, र उनीहरूको इज्जत सम्मानसित खेलवाड गर्दैन ।

यसै कारण मैले सहाबाहरूको बारेमा संक्षेपमा केही लेखेको छु ताकि यसद्वारा उनीहरूप्रति हाम्रो दायित्व पूर्ण हुनुको साथै उम्मतलाई उनीहरूको श्रेणी र श्रेष्ठताको पनि सम्झना गराऊँ, र जुन उनीहरूको बारेमा अआफ्ना हृदयहरूमा कुटिलता राख्दछन् तिनीलाई पथप्रदर्शन गरूँ, र उनीहरूको श्रेष्ठता र महानता, र उनीप्रति हामीहरूको दायित्व, र हामीमाथि उनीहरूको अधिकारलाई प्रष्ट पारूँ, र उनीप्रति अहले सुन्नत वल जमाअतको सिद्धान्त के रहेको छ त्यसलाई पनि पुष्टि गरूँ । यसर्थ मेरो उद्देश्य यस लेखद्वारा मात्र यो नै छ कि यस लेखद्वारा उनीहरूको श्रेष्ठतालाई सबै सम्मुख प्रस्तुत र प्रष्ट पार्नु, र मूर्ख र उनीहरूसित ईर्ष्या राख्ने मानिसहरूलाई क्रोधित पार्नु हो । ताकि उनी

आफ्नो क्रोधमा नै मरिहालुन्, र अल्लाह नै समस्तका नीयत र उद्देश्यलाई जान्नेवाला छ, र त्यो नै सुमार्ग दर्शन गराउनेवाला हो ।

**लेखकः**

अल्लाहको दयाको मुखापेक्षी

**अब्दुल्लाह बिन सालेह अल् कुसैयिर**

१०/०४/१४२४ हिज्री

# प्रथम अध्याय

## सहाबाको परिभाषा

सहाबाः साहिब र सहाबीको बहुबचन हो, र सहाबीको अर्थ होः जुन व्यक्ति ईमान (आस्था) को अवस्थामा नबी सल्लल्लाहो अलैहे वसल्लमसित भेटेको होस्, र ईमानकै अवस्थामा त्यसको मृत्यु पनि भएको होस् ।

इमाम बुखारी रहेमहुल्लाहको (उनीमाथि अल्लाह दया गरुन्) भनाई छः मुसलमानहरूमध्ये जसले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको संगत अपनाएको होस् वा उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई हेरेको होस् त्यो सहाबी हो ।

र यसको तात्पर्य यो हो कि सहाबाहरूमध्ये केही विशिष्ट हुन्छन् त केही सामान्य सहाबी, यसर्थ सामान्य सहाबीहरूमा ती समस्त आउँछन् जसले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई ईमानको अवस्थामा हेरे, यसै कारण भनिन्छ कि फलाना सहाबी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा एक वर्ष रहेका हुन् वा एक महिना वा एक सप्ताह ।

त यस्तै केही सहाबीहरू केहीबाट श्रेष्ठ हुन्छन्, र तिनीहरूमा केही यस्ता विशेषता पाइन्छ जुन अरु उनी बाहेकमा पाइँदैन ।

र केही विद्हरूको भनाई छः जुन सहाबीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ रहे ती साथ नरहनेहरूबाट सामान्यतया श्रेष्ठ छन् किनकि उनीहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ रहनाले यस्तो दर्जा र विशेषता एवं ज्ञान प्राप्त भयो जुन तिनी बाहेकलाई प्राप्त भएन, र उनीलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लमको संगतमा रहनुबाट जुन उच्च दर्जा प्राप्त भयो त्यो अरुलाई प्राप्त भएन ।

**लाभदायक ज्ञान :** भनिन्छ कि सहाबीहरूको कुल संख्या एक लाख चौबिस हज्जार थियो, र उनीहरूमध्ये जुन सहाबीको निधन सबैभन्दा अन्तिममा भयो तिनको नाम अबुत् तुफैल आमिर बिन वासेला अल् लैसी थियो । जस्तो कि यस कुरालाई मुस्लिमले किटान भनेका छन् कि उनीको मृत्यु १०० हिज्रीमा भएको हो । र यो पनि भनिएको छ कि १२० हिज्रीमा उनको मृत्यु भएको हो ।

# दोस्रो अध्याय
# सहाबीहरू र उनीहरूको श्रेष्ठताको वर्णनको उद्देश्य र अहलुस्सुन्नह वल् जमाअहको दृष्टिमा उनीप्रति दायित्व र सिद्धान्त

जब खवारिजको अविष्कृति भयो जिनले हजरत अली र हजरत मुआविया एवं अमर बिन आस ... रजिअल्लाहो अन्हुम अजमईनलाई तहकीमको समस्यामा काफिर भने । र हजरत अलीको बारेमा सीमा अतिक्रमण गर्ने (गुलू गर्ने) शीआहरूको नौलो गुटको पनि अविष्कार भयो, र विशेषरूपले आलेबैत (रसूलका परिवारका) मध्ये केही सहाबीहरूप्रति यिनी शीआहरूले गुलू गरे, र अरु समस्त सहाबीहरूलाई नकारे । अर्थात खवारिज र राफेजा (शीआ) र यस जस्ता अरु केही सीमा उल्लंघन गर्ने ग्रुपहरू जाहेर भए जुन सहाबाहरूको दर्जालाई कम गर्न खोजे, र उनीलाई गाली गलोज गर्न थाले, यहाँसम्म कि कुरा यति बढ्यो कि उनीहरूले सहाबाहरूलाई काफिर भने, र उनीहरूसित युद्ध गर्नु, र उनीहरूको रगत

इज्जत सम्मानलाई जायज मान्न थाले । त अहलुस्सुन्नह वल् जमाअह (कुरआन हदीसमा कार्यरत समूह) ले अल्लाहको धर्मको सहायताको लागि दुई प्रमुख कदम उठाए:

१ □ सहाबा रजिअल्लाहु अन्हुमको श्रेष्ठता र यस धर्ममा उनीहरूको दर्जा वर्णन गर्न थाले र उनीलाई ती समस्त विकारयुक्त कुराहरूबाट पवित्र ठाने जुन उनीहरूको बारेमा खवारिज राफेजा ... आदि पथभ्रमित ग्रुपहरू भन्न थालेका थिए ।

२ □ नबी सल्लल्लाहो अलैहे वसल्लमका सहाबाहरूबीच जुन मतभेद उत्पन्न भएको थियो त्यसको बारेमा उम्मतको दायित्व र त्यसको मूल तथ्यलाई प्रष्ट पारे, र जति पनि टिप्पणीहरू उनीहरूमाथि पथभ्रमित समूहहरूद्वारा गरियो त्यसको परिपूर्ण प्रतिउत्तर दिए ।

# तेस्रो अध्याय
# उम्मतमा सहाबाको दर्जा

 सन्देष्टाहरू पश्चात ती मानिसहरूको दर्जा आउँछ जिनलाई अल्लाहले अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको सहाबा हुने सौभाग्य प्रदान गऱ्यो, र जिनीहरूबाट अल्लाह र अल्लाहका रसूल राजी र प्रसन्न भए ।

 यसर्थ सहाबाहरू अल्लाह उनीसित राजी होउन्, सन्देष्टाहरूका सर्वप्रथम र सर्वश्रेष्ठ मानिसहरू थिए । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"خَيْرُ النَّاسِ قَرْنِي.."

अर्थ : "सबैभन्दा श्रेष्ठ मानिस मेरो यस युगका मानिसहरू हुन्" ।

 यसै कारण यस कुरामा समस्त उम्मतको एकमत छ कि सहाबाहरू समस्त उम्मतभन्दा ईमान र आस्था, कर्म र ज्ञान, विश्वास एवं रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ दिनुमा, र समस्त सराहनीय नैतिकता र शिष्टाचारहरूमा

सर्वश्रेष्ठ थिए । यसर्थ यस कुरामा कुनै सन्देह छैन कि उनीहरू समस्त सुकार्यमा अरुभन्दा अगाडि थिए, र त्यसको धर्मसीमामा पुगेका थिए, र ती समस्त श्रेष्ठता र महानता एवं ज्ञान र समस्त शिष्टाचारहरूमा त्यस श्रेणीसम्म पुगेका थिए जहाँसम्म पुग्नु कसैको लागि असम्भव र दुलर्भ छ ।

 त जुन कुराहरूमा उनीहरू अरुमाथि श्रेष्ठ र प्रथम भए त्यो हो: अल्लाह र अल्लाहका सन्देष्टामाथि आस्था र विश्वास राख्नुमा, र प्रवास गर्नु र रसूल सल्लल्लाहो अलैहे वसल्लमको सहायता गर्नुमा, र इस्लामको प्रचार प्रसार गर्नुमा, र अल्लाहको पथमा धर्मयुद्ध गर्नुमा । र रसूल सल्लल्लाहो अलैहे वसल्लमप्रति जगतबासीहरूको शत्रुता र यस्तो अवस्थामा जबकि उहाँको दूतत्वको चर्चा फलिएको थिएन सहाबाहरूको उनीमाथि विश्वास राख्नु र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नु, र यस्तो अवस्थामा जबकि इस्लाम विस्तार भएको थिएन उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सहायता गर्नु र उहाँको साथ अति अल्पसंख्यक अवस्थामा भए पनि उहाँको र उहाँका

साथीहरूको सहायता गर्नु, जबकि उहाँलाई नकार्ने र उहाँप्रति अविश्वास व्यक्त गर्ने काफिर बहुदेववादी र नास्तिकहरू थुप्रै संख्यामा थिए। र यस अवस्थामा रसूल सल्लल्लाहो अलैहे वसल्लम र उनको साथीहरूमाथि ज्यान मालद्वारा सहायता र संरक्षण प्रदान गर्नु मात्र अल्लाहको दया पाउने उद्देश्यले। त यी यस्ता कुराहरू हुन् जसलाई नत कोही गरेको छ नत सहाबा बाहेक यो कसैको अंशमा आएको छ नत कोही उनीहरूको यी कार्यहरूको पुण्यसम्म नै पुग्न सक्छ। र सही बुखारीमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन वर्णन छः

"لا تسبوا أصحابي، فوالذي نفسي بيده لو أنفق أحدكم مثل أحد ذهبا ما بلغ مُد أحدهم ولا نصيفه"

अर्थ : मेरा साथीहरूलाई (सहाबीहरूलाई) गाली नगर्नु, त्यसको शपथ जसको हातमा मेरो प्राण छ यदि तिमीहरूमध्ये कोही उहुद पर्वत झैं सुन खर्च गरोस् (दान गरोस्) तै पनि मेरा साथीहरूले खर्च गरेको एक मुठ्की वा त्यसको आधाको पुण्यलाई पनि पुग्न सक्दैन।

 यसर्थ सौभाग्यवान त्यो मान्छे नै हुन्छ जुन उनीहरूको पद्धतिमा हिँडोस् र प्रत्येक क्षेत्रमा उनीहरूको अनुशरण गरोस् । र अल्लाहको शपथ उनीहरूले अल्लाह र अल्लाहको रसूलको यस्तो सहायता गरे कि अल्लाहले उनीहरूद्वारा नै यस धर्मको आधारहरूलाई आधारित गऱ्यो । र ती उनै सहाबाहरू त हुन् जिनले हृदयहरू र देशहरूमाथि विजय प्राप्त गरे, र अल्लाहको मार्गमा यसरी धर्मयुद्ध गरे कि अल्लाह उनीहरूसित राजी भयो र उनीलाई राजी र प्रसन्न गऱ्यो ।

# चौथो अध्याय
## सहाबाहरूको श्रेष्ठता

सहाबा रजिअल्लाहो अन्हुमलाई श्रेष्ठता प्राप्त छ उनीपछि आउने समस्त उम्मती र युगहरूमाथि इस्लाममा प्रथम हुनुले जब त्यो यस धरतीमा जाहेर भयो, र यस कारण पनि किनकि उनीहरूले त्यसलाई निरन्तरता दिनुको लागि र त्यसको प्रचार प्रसार गर्ने क्रममा धर्मयुद्ध पनि गरे। यसर्थ उनीहरू ती प्रथम समूह हुन् जिनले सर्वप्रथम अल्लाह र अल्लाहका रसूलमाथि ईमान ल्याए, त उनीहरूले इस्लाम अपरिचित भएको अवस्थामा त्यसमाथि विश्वास गरे, र निर्धन्ताको अवस्थामा पनि धर्मयुद्ध गरे, र यस इस्लामतर्फ अरुलाई तत्वदर्शिताले आमन्त्रित गरे, र आफ्नो जीव ज्यानलाई अल्लाहको मार्गमा न्योछावर गरे, र आफ्नो निकटतम् आफन्ती र अरु मानिसहरूको शत्रुता र कष्टमाथि धैर्य धारण गरे, त उनीहरूको लागि अत्याधिक श्रेष्ठता र प्रशंसनीय कुराहरू एकत्रित भए, जसमध्ये केही निम्न हुन्:

१- ईमान त्याग्नुमा प्रथम हुनु।

२- विपत्ति र कष्टमा धैर्य गर्नु ।

३- नबी सल्लल्लाहो अलैहे वसल्लमको संगत मिल्नु ।

४- प्रवास गर्नु, र शरण एवं भाइचाराको व्यवहार गर्नु ।

५- सहायता र जिहाद गर्नु ।

६- कार्य र ज्ञानमा नायक (इमाम) हुनु ।

७- धर्मको प्रचार प्रसार गर्नु ।

र सहाबीहरूको श्रेष्ठता र प्राशंसामाथि थुप्रै प्रमाणहरू वर्णित छन् जसमध्ये केही निम्नमा वर्णन गरिन्छ :

(क) ती समस्त कुरआनीय श्लोकहरू जसमा उनीहरूको प्रशंसा गरिएको छ तिनीहरूको महानतम् कार्य र सराहनीय शिष्टाचारहरूको कारण, र जसमा उनीहरूसित यो वाचा गरिएको छ कि सफलता उनीहरूको चरण चुम्नेछ, र उनीहरूलाई उनीहरूको प्रतिपालकको प्रसन्नता प्राप्त भयो । जस्तोकि अल्लाहको फर्मान छः

﴿ مُّحَمَّدٞ رَّسُولُ ٱللَّهِۚ وَٱلَّذِينَ مَعَهُۥٓ أَشِدَّآءُ عَلَى ٱلۡكُفَّارِ رُحَمَآءُ
بَيۡنَهُمۡۖ تَرَىٰهُمۡ رُكَّعٗا سُجَّدٗا يَبۡتَغُونَ فَضۡلٗا مِّنَ ٱللَّهِ وَرِضۡوَٰنٗاۖ
سِيمَاهُمۡ فِي وُجُوهِهِم مِّنۡ أَثَرِ ٱلسُّجُودِۚ ذَٰلِكَ مَثَلُهُمۡ فِي
ٱلتَّوۡرَىٰةِۚ وَمَثَلُهُمۡ فِي ٱلۡإِنجِيلِ كَزَرۡعٍ أَخۡرَجَ شَطۡـَٔهُۥ فَـَٔازَرَهُۥ
فَٱسۡتَغۡلَظَ فَٱسۡتَوَىٰ عَلَىٰ سُوقِهِۦ يُعۡجِبُ ٱلزُّرَّاعَ لِيَغِيظَ بِهِمُ
ٱلۡكُفَّارَۗ وَعَدَ ٱللَّهُ ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ مِنۡهُم
مَّغۡفِرَةٗ وَأَجۡرًا عَظِيمَۢا ٢٩ ﴾ الفتح: ٢٩

अर्थ : मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम ) अल्लाहका रसूल हुन् र जुन मानिसहरू उनको साथमा छन् काफिरहरूको लागि कठोर छन् र आपसमा दयालु । तिमीले उनीहरूलाई रुकूअ्मा, सजदामा, अल्लाहको उदार अनुग्रह र उसको प्रसन्नता चाहिराखेको देख्नेछौं । उनीहरूको अनुहारमाथि सिज्दाको चिन्ह छ । तिनीहरूको यही

विशेषताहरू तौरैतमा छ र इन्जिलमा पनि त्यस खेती जस्तै उल्लेखित छ, जसले आफ्नो अंकुर निकाल्यो, अनि उसलाई शक्ति पुऱ्यायो र त्यो मोटो भयो र त्यो आफ्नो तनमाथि (डाँठमा) सीधा खडा भयो र किसानलाई प्रसन्न पारेको छ, ताकि उनीहरूले गर्दा इन्कार गर्नेहरूको हृदयमा ईर्ष्या उत्पन्न गराओस्। यी ईमानवालाहरू र असल कर्म गर्नेहरूसित अल्लाहले क्षमा र ठूलो प्रतिफलको वाचा गरेको छ। (सूरतुल् फतह २९)

र आर्को सूरतमा अल्लाहको भनाई छः

﴿ وَٱلَّذِينَ تَبَوَّءُو ٱلدَّارَ وَٱلْإِيمَٰنَ مِن قَبْلِهِمْ يُحِبُّونَ مَنْ هَاجَرَ إِلَيْهِمْ وَلَا يَجِدُونَ فِى صُدُورِهِمْ حَاجَةً مِّمَّآ أُوتُوا۟ وَيُؤْثِرُونَ عَلَىٰٓ أَنفُسِهِمْ وَلَوْ كَانَ بِهِمْ خَصَاصَةٌ ۚ وَمَن يُوقَ شُحَّ نَفْسِهِۦ فَأُو۟لَٰٓئِكَ هُمُ ٱلْمُفْلِحُونَ ﴿٩﴾ ﴾

الحشر: ٩

अर्थ : र उनीहरूको लागि जसले "मुहाजिरहरू" भन्दा पहिला मदीनामा बसिराखे र ईमानमा

उनीहरूभन्दा पहिला स्थान बनाएका छन् । र जो हिजरत (प्रवास) गरेर आउँनेहरूसित प्रेम गर्दछन् र जे जति आप्रवासीहरूलाई दिइन्छ, त्यसबाट आफ्नो हृदयमा केही छटपटी पाउँदैनन्, बरु उनलाई आफूहरूभन्दा बढि प्राथमिकता दिन्छन्, चाहे उनीहरूलाई स्वयं त्यसको आवश्यकता किन नहोस् र जो व्यक्ति आफ्नो मनको लोभ र कञ्जूसीबाट बचाइयो यस्ता मानिसहरू नै सफल छन् । ( सूरतुल् हश्र ९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَٱلسَّٰبِقُونَ ٱلۡأَوَّلُونَ مِنَ ٱلۡمُهَٰجِرِينَ وَٱلۡأَنصَارِ وَٱلَّذِينَ ٱتَّبَعُوهُم بِإِحۡسَٰنٖ رَّضِيَ ٱللَّهُ عَنۡهُمۡ وَرَضُواْ عَنۡهُ وَأَعَدَّ لَهُمۡ جَنَّٰتٖ تَجۡرِي تَحۡتَهَا ٱلۡأَنۡهَٰرُ خَٰلِدِينَ فِيهَآ أَبَدٗاۚ ذَٰلِكَ ٱلۡفَوۡزُ ٱلۡعَظِيمُ ١٠٠ ﴾ التوبة: ١٠٠

अर्थ : र जो मुहाजिरहरू तथा अन्सारहरू (आप्रवासी तथा स्थानीय सहयोगी मानिस) सत्मार्गमा अग्रसरता देखाएका छन् र जसले साथमा रही

तिनीहरूको अनुशरण गरे, अल्लाह तिनीहरूसित खुशी छ र तिनीहरू पनि अल्लाहसित प्रसन्न छन् तिनीहरूको निम्ति यस्ता बगैंचाहरू तयार छन् जसको तल नहरहरू बगिरहने छन् (तिनीहरू) सधैं त्यसमा बास गर्ने छन् । यही ठूलो सफलता हो । (सूरतुत्तौबा १००)

त यी समस्त वाचाहरूका पात्र उनी सहाबाहरू नै हुन् किनकि अल्लाहलाई यो थाहा थियो कि यिनी यस्ता व्यक्तिहरू हुन् जुन यस धर्मलाई परित्याग गर्ने छैनन्, र यदि यिनीहरूको मृत्यु हुन्छ भने इस्लाम धर्ममाथि नै हुन्छ । र अल्लाहलाई यो पनि थाहा थियो कि यिनी पनि मानव हुन्, मानव झैं पाप गर्छन्, तर अरु मानिसहरू झैं त्यस पापमा दृढ रहँदैनन्, बरु त्यसलाई त्यागेर तौबा (प्रयाश्चित) गरिहाल्छन्, अनि अल्लाह उनीहरूको तौबा अवश्य स्वीकार्ने छ, किनकि उनी आफ्नो तौबामा निष्ठावान हुन्छन् । र उनीहरूको ती कार्यहरूलेगर्दा पनि तिनीहरूको तौबा कबूल गरिन्छ जुन यस्ता महान कार्यहरू हुन् जसद्वारा पापलाई नष्ट पारिन्छ,

र पुण्यमा बढोत्तरी गरेर उनीहरूको दर्जा उच्च गरिन्छ ।

**(ख)** हदीसहरूमा पनि सहाबाहरूको श्रेष्ठतामा अत्याधिक प्रमाणहरू वर्णित छन्, जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन कि:

"لا تسبوا أصحابي، فوالذي نفسي بيده لو أنفق أحدكم مثل أحد ذهبا ما بلغ مُد أحدهم ولا نصيفه"

अर्थ : मेरा साथीहरूलाई (सहाबीहरूलाई) गाली नगर्नु, त्यसको शपथ जसको हातमा मेरो प्राण छ यदि तिमीहरूमध्ये कोही उहुद पर्वत झैं सुन खर्च गरोस् (दान गरोस्) तै पनि मेरा साथीहरूले खर्च गरेको एक मुठ्की वा त्यसको आधाको पुण्यलाई पनि पुग्न सक्दैन ।

र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"خَيْرُ القرون قَرْنِي الذين بعثت فيهم.."

अर्थ : समस्त मानिसहरूभन्दा उत्कृष्ट ती मानिसहरू हुन् जिनको युगमा मलाई पठाइएको छ ... ।

(ग) र संक्षेपमा यो भन्न सकिन्छ कि जुन अल्लाहले पवित्र ग्रन्थ कुरआनमा संयमीहरूको विशेषता, आस्थावानहरूको विशेषता, परोपकारीहरूको विशेषता वर्णन गरेको छ, र उनीहरूको जुन प्रशंसा गरेको छ, र उनीलाई शीघ्रतम र परलौकिक जीवनमा जेजति अनुकम्पा र प्रतिफल प्रदान गर्ने वाचा गरेको छ, त त्यसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू ती प्रथम मानिसहरू हुन् जुन त्यस अन्तर्गत आउँछन्, र त्यसबाट अनुकम्पित हुने सौभाग्य पाएका छन्, र अरु मानिसहरूको तुलनामा यसमा उनीहरू सर्वोतकृष्ट छन् ।

(घ) र जति पनि सामूहिक तरिकाले उनीहरूको श्रेष्ठता वर्णित छ र जुन कुरआन र हदीसमा उनीहरूको श्रेष्ठता र प्रशंसा वर्णित छ, जसलाई प्रत्येक मुसलमान पूर्णतया धर्म झैं जान्दछ । त उनीहरूको यस श्रेष्ठताको विरुद्ध ती कुटिल मानिसहरूको लान्छना र आक्षेप जसरी राफेजा, खवारिज, मुअ्तजेला, र यिनीहरू झैं पथभ्रमित मानिसहरूले लगाएका आक्षेप र टिप्पणीहरू कुनै महत्व राख्दैन ।

# पाँचौं अध्याय
# सहाबाहरूको आपसमा दर्जा श्रेणी र श्रेष्ठतामा एकआर्काबाट भिन्नता

विद्‌हरूको दृष्टिमा यो प्रमाणित कुरो हो कि समस्त सहाबाहरू एउटै दर्जा र श्रेणीका थिएनन्, बरु कहीलाई कहीमाथि श्रेष्ठता र प्रधानता प्राप्त थियो, र यस्तो तिनीहरूको विशेषताको कारण थियो, जसरी इस्लाममा प्रथम हुनुको कारण, प्रवास गर्नुको कारण, सहायता गर्नुको कारण, धर्मयुद्ध गर्नुको कारण .... आदि । अर्थात जेजति उनीहरूले यस धर्मलाई सशक्त र विस्तृत गर्नुको लागि गरेका छन् सबै यस अन्तर्गत आउँछन् ।

**(क)** यसर्थ सहाबाहरूमा सर्वोतकृष्ट समूह सहाबीहरूको त्यो समूह हो जुन सुलह हुदैबिया ( हुदैबिया नामक स्थानमा काफिर र मुसलमानहरू बीच भएको सन्धि) भन्दा अघि अल्लाहको मार्गमा आफ्‌नो माल सम्पत्ति खर्च गरे, जस सन्धिलाई अल्लाहले महाविजयको नामले सम्बोधित गरेको छ, र जिनले यस सन्धि अघि अल्लाहको मार्गमा युद्ध गरे । त यो समूह त्यस समूहभन्दा श्रेष्ठ छ जुन

यस सन्धि पश्चात अल्लाहको मार्गमा खर्च गरे र धर्मयुद्ध गरे । र यसको प्रमाण अल्लाहको यो कथन हो:

﴿ وَمَا لَكُمۡ أَلَّا تُنفِقُواْ فِي سَبِيلِ ٱللَّهِ وَلِلَّهِ مِيرَٰثُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۚ لَا يَسۡتَوِي مِنكُم مَّنۡ أَنفَقَ مِن قَبۡلِ ٱلۡفَتۡحِ وَقَٰتَلَۚ أُوْلَٰٓئِكَ أَعۡظَمُ دَرَجَةٗ مِّنَ ٱلَّذِينَ أَنفَقُواْ مِنۢ بَعۡدُ وَقَٰتَلُواْۚ وَكُلّٗا وَعَدَ ٱللَّهُ ٱلۡحُسۡنَىٰۚ وَٱللَّهُ بِمَا تَعۡمَلُونَ خَبِيرٞ ١٠ ﴾ الحديد: ١٠

अर्थ : तिमीलाई के भएको छ कि अल्लाहको बाटोमा खर्च गर्दैनौ ? जब कि आकाशहरू र जमिनको स्वामित्व अल्लाहकै निम्ति छ, तिमीहरूमध्ये जुन व्यक्तिले (मक्काको) विजय भन्दा पहिला खर्च गऱ्यो र लडाई गऱ्यो उनीहरू अरुको समान हुन सक्दैनन् । उनीहरूको दर्जा ती मानिसहरूभन्दा बढी छ, जसले पछि खर्च गरे र धर्मयुद्ध गरे । हो अल्लाहले सबैलाई भलाईको वचन त दिएको छ र

जुन काम तिमीले गर्दछौ अल्लाह त्यसलाई जान्दछ ।
( सूरतुल् हदीद १० )
त यिनै प्रवासी र अन्सारीहरू (स्थानीय सहायक) साबेकीनल अव्वलीन् अर्थात प्रथम ईमान ल्याउनेहरू हुन् ।

**(ख)** र धार्मिक श्लोकहरू यस कुरालाई पनि प्रमाणित गर्छन् कि सामान्यतया प्रवासीहरूलाई अन्सारी (मदीनामा भएका प्रवासीहरूको सहायता गर्नेहरू) माथि प्रधानता प्राप्त छ, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ لَّقَد تَّابَ ٱللَّهُ عَلَى ٱلنَّبِيِّ وَٱلۡمُهَٰجِرِينَ وَٱلۡأَنصَارِ ﴾ التوبة: ١١٧

अर्थ : अल्लाहले (पैगम्बर) सन्देष्टामाथि कृपा गरेको छ, र मुहाजिर तथा अन्सारहरूमाथि पनि । ( सूरतुतौबा ११७)

र आर्को सूरतमा अल्लाहको भनाई छ:

﴿ وَٱلَّذِينَ تَبَوَّءُو ٱلدَّارَ وَٱلۡإِيمَٰنَ مِن قَبۡلِهِمۡ يُحِبُّونَ مَنۡ
هَاجَرَ إِلَيۡهِمۡ وَلَا يَجِدُونَ فِي صُدُورِهِمۡ حَاجَةٗ مِّمَّآ أُوتُواْ
وَيُؤۡثِرُونَ عَلَىٰٓ أَنفُسِهِمۡ وَلَوۡ كَانَ بِهِمۡ خَصَاصَةٞۚ وَمَن
يُوقَ شُحَّ نَفۡسِهِۦ فَأُوْلَٰٓئِكَ هُمُ ٱلۡمُفۡلِحُونَ ٩ ﴾

الحشر: ٩

अर्थ : र उनीहरूको लागि जसले “मुहाजिरहरू” भन्दा पहिला मदीनामा बसिराखे र ईमानमा उनीहरूभन्दा पहिला स्थान बनाएका छन् । र जो हिजरत (प्रवास) गरेर आउँनेहरूसित प्रेम गर्दछन् र जे जति आप्रवासीहरूलाई दिइन्छ, त्यसबाट आफ्नो हृदयमा केही छट्पटी पाउँदैनन्, बरु उनलाई आफूहरूभन्दा बढि प्राथमिकता दिन्छन्, चाहे उनीहरूलाई स्वयं त्यसको आवश्यकता किन नहोस् र जो व्यक्ति आफ्नो मनको लोभ र कञ्जूसीबाट बचाइयो यस्ता मानिसहरू नै सफल छन् । ( सूरतुल् हश्र ९ )

त अल्लाहले समस्त मुहाजिरीन (प्रवासी) र अन्सारीहरू दुवै समूहको प्रशंसा गरेको छ, तर प्रवासीहरूलाई अन्सारीहरूभन्दा पहिला वर्णन गर्नुको तात्पर्य यो हो कि उनीहरू अन्सारीहरूभन्दा श्रेष्ठ छन्, किनकि प्रवासीहरूले आफ्नो धन सम्पत्ति, घरबार, स्वास्नी सन्तान सप्पैलाई मात्र अल्लाह र अल्लाहको धर्मको प्रचारको लागि, र धर्मयुद्धको लागि, र अल्लाहको धर्मको सर्वोच्चताको लागि त्यागिदिए । त यो विशेषता उनीहरूलाई अरुमाथि प्रधान गरिदिन्छ ।

## □ बद्र युद्धमा सहभागी भएका सहाबीहरूको अरुमाथि प्रधानता

त जति सहाबीहरू चहे ती मुहाजिरीनहरूमध्येका होउन् वा अन्सारीहरूमध्येका यदि उनीहरूले यस युद्धमा (बद्रको युद्धमा) शामेल भएका थिए भने उनीलाई अरुमाथि श्रेष्ठता र प्रधानता प्राप्त छ, बरु अल्लाहले यस युद्धमा सहभागी भएका मानिसहरूको लागि यो पनि भनिदियो कि:

"اعملوا ما شئتم فقد غفرت لكم"

अर्थ : तिमीहरूलाई जे मनपरे गर, मैले तिमीहरूलाई क्षमादान दिएँ ।

र यस युद्धमा सहभागी हुने सहाबीहरूको संख्या लगभग ३१० देखि ३२० को बीच थियो, जस्तोकि बुखारी र मुस्लिमको हदीसबाट यो प्रमाणित छ । शैखुल इस्लाम इब्ने तैमियाको भनाई छ किः र अल्लाहको यो कथन किः "तिमीहरूलाई जे मनपरे गर, मैले तिमीहरूलाई क्षमादान दिएँ" त यसबारे अल्लाहलाई अधिक ज्ञान छ, तर मलाई लाग्दछ कि अल्लाहलाई यो थाहा थियो कि जति मानिसहरू यस युद्धमा सहभागी छन् तिनीहरू यस धर्मलाई त्याग्ने छैनन् बरु यसै धर्मको अनुपालन गरिरहेको अवस्थामा उनीहरूको मृत्यु हुनेछ । तर यिनीहरू पनि उस्तै त्रुटि गल्तीहरू गर्नेछन् जसरी अरु मानिसहरू गर्दछन्, अनि अल्लाह उनीहरूलाई निष्ठापूर्ण तौबाको अवसर प्रदान गर्नेछ, र अत्याधिक सत्कर्म गर्ने सौभाग्य प्रदान गर्नेछ, अनि त्यसैको माध्यमले उनीहरूको समस्त पापहरूलाई नष्ट गरिदिइन्छ। यसै कारण अल्लाहले उनीहरूलाई आम माफी दिने घोषणा गरेको थियो ।

**(ग)** यस्तै अहजाब र उहुद युद्धमा सहभागी भएकाहरूलाई उनी बाहेकमाथि श्रेष्ठता प्राप्त छ, किनकि उनीहरूलाई जुन संकुचित अवस्थाबाट गुज्रनु पऱ्यो, र जति कष्टहरू उनीहरूलाई भोग्नु पऱ्यो तिनीहरू बाहेकका मानिसहरूले त्यो भोगेनन् । त उनीहरूको दर्जा अरुमाथि श्रेष्ठ हुनु स्वभाविक कुरो हो ।

### □ बैअ्ते रिज्वान (रिज्वान नामक संकल्प) मा उपस्थित हुनेहरूको श्रेष्ठता

र बैअ्ते रिज्वानमा सहभागी भएका सहाबीहरूलाई जुनकि हुदैबिया नामक स्थानमा एउटा रुखमुनि भएको थियो यस कुराद्वारा विशिष्ट गरियो कि यस संकल्पमा सहभागी भएका सहाबीहरू नर्कमा जाँदैनन्, र उनीहरूको संख्या १४०० भन्दा अधिक थियो । अल्लाहले यिनीहरूको बारेमा स्पष्टीकरण गर्दै यसरी भनेको छः

﴿ ۞ لَّقَدْ رَضِىَ ٱللَّهُ عَنِ ٱلْمُؤْمِنِينَ إِذْ يُبَايِعُونَكَ تَحْتَ ٱلشَّجَرَةِ ﴾ الفتح: ١٨

अर्थ : निश्चय नै अल्लाह मोमिनहरूसित प्रसन्न भयो, जब उनीहरू वृक्षमुनि तपाईसित "बैअत" (संकल्प) गरिराखेका थिए । (सूरतुल् फतह १८)

र सही मुस्लिममा हजरत जाबिरद्वारा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لا يدخل النار أحد بايع تحت الشجرة "

अर्थ : जस जसले रुखमुनि संकल्प गरेका छन् तिनी नर्कमा प्रवेश गर्ने छैनन् ।

त अहले सुन्नत वल् जमाअतको यो आस्था छ कि समस्त सहाबाहरूको तुलनामा बद्र युद्धमा शामेल भएका र बैअ्ते रिज्वानमा सहभागी भएका सहाबीहरूको नर्कबाट मुक्ति र सफलताको जमानत निसंकोच दिन सकिन्छ जबकि समस्त सहाबाहरूको बारेमा पनि अल्लाहको यो भनाई छ कि:

﴿ وَكُلًّا وَعَدَ ٱللَّهُ ٱلْحُسْنَىٰ ﴿٩٥﴾ ﴾ النساء95

अर्थ : अल्लाहले सबै मोमिनलाई राम्रो स्थानको वचन दिएको छ । (सूरतुन्निसा ९५)

तर त्यो दुईटै समूह यस कुरामा अरुबाट श्रेष्ठ र प्रधान छ ।

## □ स्वर्गको शुभसमाचार पाएका दश सहाबीहरूको श्रेष्ठता

त यी दश सहाबीहरूको यो उत्कृष्ट श्रेष्ठता हो जिनलाई स्वर्ग प्राप्तिको शुभसमाचार रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसै संसारमा सुनाएका थिए । र ती सहाबीहरू हुन्:

(१) हजरत (श्रीमान) अबू बक्र रजिअल्लाहो अन्हो ।

(२) हजरत उमर रजिअल्लाहो अन्हो ।

(३) हजरत उस्मान रजिअल्लाहो अन्हो ।

(४) हजरत अली रजिअल्लाहो अन्हो ।

(५) हजरत तलहा बिन उबैदुल्लाह रजिअल्लाहो अन्हो ।

(६) हजरत जुबैर इब्नुल् अव्वाम रजिअल्लाहो अन्हो ।

(७) हजरत सअ्द बिन अबि वक्कास रजिअल्लाहो अन्हो ।

(८) हजरत सईद बिन जैद रजिअल्लाहो अन्हो ।

(९) हजरत अब्दुर्रहमान बिन औफ रजिअल्लाहो अन्हो ।

(१०) हजरत अबू उबैदह आमिर इब्नुल् जर्राह रजिअल्लाहो अन्हो ।

## □ यी दश सहाबीहरू बाहेक अरु केही विशिष्ट सहाबीहरूको श्रेष्ठता

र यी दश सहाबीहरू बाहेक केही अरु सहाबीहरू पनि छन् जिनको स्वर्गमा जाने कुराको रसूल सल्लल्लाहो अलैहे वसल्लमले पुष्टि गरेका छन्, जसरी हजरत साबित बिन कैस बिन शम्मास । र उकाशा बिन मिहसन । र अब्दुल्लाह बिन सल्लाम । र हसन एवं हुसैन । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीहरू उम्महातुल् मूमिनीन ... । र यिनी बाहेक अरु सहाबी र सहाबियातहरू पनि छन् ।

त यिनीहरूको स्वर्गमा जाने कुरामा रसूल सल्लल्लाहो अलैहे वसल्लमको गवाही दिनु उनीहरूको यस्तो विशेषता हो जसद्वारा उनीहरू अरुमाथि प्रधान भए, र यो अति सर्वोत्कृष्ट श्रेष्ठता हो ।

र यी नामांकित सहाबीहरूको स्वर्गीय हुने कुराको गवाही दिनु रसूल सल्लल्लाहो अलैहे वसल्लमको

दूतत्वको चमत्कार र निशानीमध्ये एक हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले जस जसको लागि यस्तो गवाही दिए ती समस्त इस्लाममाथि दृढ थिए यहाँसम्म कि तिनीहरू त्यहाँसम्म पुगे जसको उनीसित वाचा गरिएको थियो, र जसको रसूल सल्लल्लाहो अलैहे वसल्लमले शुभ समाचार दिएका थिए ।

त अहले सुन्नत वल् जमाअतको समूह जस जसलाई अल्लाहको नबीले स्वर्गीय हुने गवाही दिएका छन् त्यसलाई सत्य ठान्दछन् अर्थात उनीहरूको स्वर्गीय हुने कुरालाई सत्य ठान्दछन्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई नामांकित गरेर स्वर्गीय भनेका थिए । र नामांकित गरेर कसैलाई स्वर्गीय र नर्कीय भन्नु यस्तो कुरो हो जुन मनीषको सीमाभन्दा बाहिरको कुरो हो, त्यो मात्र धर्म र वह्य (प्रकाशना) को कुरो हो । त इस्लामीय विधान र निर्देशनहरूले तिनीहरूको स्वर्गीय हुने कुरालाई प्रमाणित गरेको छ भने त्यसलाई स्वर्गीय भन्नैपर्छ, र जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले स्वर्गीय भनेका छैनन्

त्यसलाई स्वर्गीय भन्न मिल्दैन, किनकि यस्तो भन्नु अल्लाहमाथि लान्छना लगाउनु र अल्लाहमाथि दोषारोपण गर्नु हो । हो जस जसले परोपकार र सत्कर्म गरेका छन् उनीहरूको राम्रो प्रतिफलको आशा गर्न सकिन्छ, जसरी पापीहरूको दण्डको आशा राखिन्छ ।

## रसूल सल्लल्लाहो अलैहे वसल्लमका उत्तराधिकारीहरू (खलीफाहरू) को श्रेष्ठता र दर्जा

अहलुस्सुनह वल् जमाअहको[1] यस कुरामा एकमत छ कि चारौं खलीफाहरू (उत्तराधिकारीहरू) प्रवासीहरूमध्ये सर्वश्रेष्ठ छन्, र उनी रसूल सल्लल्लाहो अलैहे वसल्लम पश्चात पूर्ण मुसलमानहरूभन्दा श्रेष्ठ छन्, यसर्थ उनीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमका मन्त्रीहरू र निकट्तम आफन्ती पनि हुन्, (अर्थात केही ज्वाईं र केही

[1] अहलुस्सुन्नह वल् जमाअह अथवा अहले सुन्नत वल जमाअत: त्यस समूहलाई भनिन्छ जुन कुरआन र सुन्नतमा कार्यरत होस् नकि बिदअत गरोस् । तर हाम्रो देश नेपाल र एशिया उपमहाद्वीपमा बिदअत गर्नेहरू जसरी बरैल्वी देवबन्दी ...आदि समूहहरू आफूलाई अहले सुन्नत वल् जमाअत भन्दै गर्छन् त यस्ता खालका मिथ्यावादीहरूबाट सचेत रहनु होला अहले सुन्नत मात्र त्यो नै हो जुन कुरआन र हदीसमाथि कार्यरत होस् । इस्लाममा नामले केही फर्क पर्दैन मूल तथ्य कर्म र त्यसको सन्दर्भमा नै आधारित छ । (अनुवादक)

ससुरा हुन्) । र उनीमध्ये प्रत्येक यस्ता यस्ता विशेषताद्वारा विशिष्ट थिए जुन कसै अरुमा पाइँदैनथ्यो ।

 र अहलुस्सुन्नह वल जमाअहको हजरत अली र अरु सहाबीहरूको बारेमा हदीसमा वर्णित प्रमाणीकरणको आधारमा यो एकमत र आस्था छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लम पश्चात यस उम्मतको सर्वश्रेष्ठ मान्छे हजरत अबू बक्र हुन्, अनि हजरत उमर हुन् । अनि हजरत उस्मान र हजरत अलीको बारेमा श्रेष्ठताको दृष्टिले मतभेद छ, त केहीले हजरत अलीलाई हजरत उस्मानभन्दा श्रेष्ठ भनेका छन् त केहीले हजरत उस्मानलाई हजरत अलीभन्दा श्रेष्ठ भनेका छन्, त कतिपय यसबारे चुप लागेका छन् । तर शैखुल् इस्लाम इब्ने तैमियाले हजरत उसमानलाई हजरत अलीमाथि श्रेष्ठता दिने कुरालाई निम्न कारणहरूलेगर्दा सही ठहर गरेका छन्:

(१) हजरत उसमान रजिअल्लाहो अन्होमा भएका विशेषता र हदीसहरूको प्रमाणीकरणद्वारा उनको

प्रधानता र श्रेष्ठता हजरत अलीमाथि प्रमाणित भइहाल्छ ।

(२) समस्त सहाबीहरूले खलीफा बनाउने क्रममा हजरत उस्मानलाई सर्वसहमतिको साथ चयन गरेका थिए, त यस कुराद्वारा यो प्रष्ट हुन्छ कि उनीहरूको दृष्टिमा हजरत उस्मान हजरत अलीभन्दा श्रेष्ठ थिए । र यदि यस्तो कुरा हुँदैनथ्यो भने उनीहरू हजरत उस्मानलाई हजरत अलीभन्दा पहिला खलीफा बनाउँदैनथे । बुखारीमा हजरत इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि:

" كنا نخير بين الناس في زمن النبي صلى الله عليه وسلم فنخير أبا بكر ثم عمر بن الخطاب ثم عثمان بن عفان رضي الله عنهم "

अर्थ : हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवन कालमा मानिसहरूमध्येबाट रोज्दथें, त पहिला अबू बक्रलाई, अनि उमर बिन खत्ताबलाई, अनि उसमान बिन अफ्फानलाई रोज्दथें, अल्लाह उनी सबैबाट राजी होउन् ।

र अबू दाऊदको हदीसमा छः

"نقول ورسول صلى الله عليه وسلم حي: أفضل أمة النبي صلى الله عليه وسلم أبوبكر, ثم عمر بن الخطاب , ثم عثمان "

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवन कालमाको समयमा नै हामी भन्थें कि: नबी सल्लल्लाहो अलैहे वसल्लमका उम्मतीहरूमध्ये सर्वश्रेष्ठ मान्छे हजरत अबू बक्र हुन्, अनि हजरत उमर बिन खत्ताब, अनि हजरत उसमान हुन् ।

(३) अहलुस्सुन्नहको सहमति यसै कुरामा छ कि हजरत उस्मान हजरत अलीबाट श्रेष्ठ छन् जसरी कि बैअतको लागि उनीलाई श्रेष्ठ मानियो ।

अब्दुर्रहमान बिन औफ भन्छन् कि:

"إني نظرت في أمر الناس فلم أرهم يعدلون بعثمان "

अर्थ : मैले समस्त मानिसहरूलाई हेरें तर हजरत उसमान जस्तो कसैलाई पाएन ।

त हाम्रा केही सदाचारी सत्यनिष्ठ पूर्वजहरूले यहाँसम्म भनेका छन् कि: जसले हजरत उसमानलाई हजरत अलीभन्दा श्रेष्ठ मानेन त्यसले समस्त प्रवासी र अन्सारीहरूलाई दु:ख पुऱ्यायो ।

त उपरोक्तमा वर्णित समस्त कुराहरू हजरत उस्मानलाई हजरत अलीमाथि प्रधानता दिनुमाथि प्रमाणीकरण गरिरहेका छन्, किनकि सहाबाहरूले आपसमा परामर्श गरे पश्चात मात्रै हजरत उसमानलाई प्रधानता प्रदान गरेका थिए, र हजरत अली पनि ती परामर्श दिनेहरूमध्ये एक थिए जिनले हजरत उस्मानको खलीफा हुने कुरामा बैअत गरेका थिए, र उनी समक्ष नै हदहरू (दण्डहरू) कायम गरिन्थ्यो लागू गरिन्थ्यो ।

त सहाबाहरूको हजरत उस्मानलाई हजरत अलीमाथि प्रधानता दिने कुरामा सहमत हुनु यस कुराको प्रमाण हो कि हजरत अली नै हजरत उसमान पश्चात सर्वश्रेष्ठ छन्, र उनी पश्चात हजरत अली नै खलीफा हुनुको हकदार र अधिकारी हुन्, किनकि हजरत अली आफ्नो युगका सर्वश्रेष्ठ मान्छे थिए । र यो नै सत्य कुरो हो, र समस्त प्रशंसा अल्लाहकै लागि छ जुन समस्त संसारको प्रतिपालक हो ।

त यस कुरामा अहले सुन्नत वल् जमाअतको सिद्धान्तको सार यो हो कि: समस्त सहाबाहरू

प्रतिष्ठित र मर्यादित छन्, र सबैको लागि श्रेष्ठता वर्णित छ, तर पूर्ण उम्मतमा रसूल सल्लल्लाहो अलैहे वसल्लम पश्चात अजरत अबू बक्र सर्वप्रथम श्रेष्ठ व्यक्ति हुन्, अनि उनी पश्चात श्रेष्ठतामा हजरत उमरको नम्बर आउँछ, अनि हजरत उस्मान जुन्नूरैनको नम्बर, अनि हजरत अली मुर्तजाको नम्बर, अनि ती दश सहाबीहरूको नम्बर जिनलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले स्वर्गीय हुने शुभसूचना दिएका छन्, अनि बद्र युद्धमा सहभागी भएकाहरूको नम्बर, अनि बैअते रिज्वानमा सहभागी भएकाहरूको, अनि ती समस्त सहाबीहरूको नम्बर आउँछ जुन मक्का विजय हुनुभन्दा अघि नै इस्लाम अङ्गीकार गरे, अनि तत्पश्चात ती समस्त सहाबाहरूको नम्बर आउँछ जुन मक्का विजय पश्चात इस्लाम कबूल गरे र अल्लाहको मार्गमा धर्मयुद्ध गरे ।

## छठौं अध्याय

## यस उम्मतमाथि सहाबाहरूको हक अधिकार

यस उममत (मुसलमानहरूको समुदाय) माथि सहाबाहरूको विशाल हक छ, र उनीप्रति विशाल दायित्व छ, जसमध्ये केही निम्नमा वर्णन गरिन्छः

**पहिलोः** ती समस्त श्रेष्ठता र विशेषतालाई स्वीकार गर्नु जुन सहाबीहरूको बारेमा प्रमाणित छन्, र उनीहरूबाट ईर्ष्या गर्नुबाट र उनीहरूलाई नराम्रो उपाधिले सम्बोधित गर्नुबाट, र उनीलाई अनुचित कुरा भन्नुबाट आफूलाई र आफ्नो हृदयलाई बचाउनु ।

**दोस्रोः** हृदयले उनीहरूसित प्रेम गर्नु र जिब्रोले उनीहरूको प्रशंसा गर्नु, किनकि उनीहरू इस्लाम कबूल गर्नुमा प्रथम भए र समस्त सुकार्यमा पहल गरे, र उपकार गर्नुमा शीघ्रता देखाए । र यी समस्त कार्यहरूलाई नै आफूपछि आउनेहरूको लागि मनपराए, ताकि सबै उनीहरू झैं सफल भइहालुन् । त हामीमाथि पनि यो उचित छ कि यस्ता उपकारी र शुभेच्छुकहरूको आदर गरौं र उनीसित प्रेम गरौं ।

**तेस्रोः** उनीहरूले भनेका कुराहरूलाई स्वीकार गर्नु र उनीहरूको अनुशरण गर्नु, चाहे त्यो अनुशरण

विज्ञानको क्षेत्रमा होस् वा कर्मको क्षेत्रमा, प्रचार प्रसारको क्षेत्रहेतु होस् वा भलाईको आदेश गर्ने र बुराईबाट रोक्नेहेतु । अर्थात समस्त व्यवहारिक र भक्तिसित संलग्न क्षेत्रहरूमा उनीहरूको अनुशरण गर्नु अति आवश्यक छ । र ती मानिसहरूसित शत्रुता अपनाउनु जुन उनीहरूसित शत्रुता अपनाउँछन् वा उनीहरूलाई गाली गर्छन्, किनकि उनीहरू ती महान व्यक्ति हुन् जुन उम्मतका सबैभन्दा अधिक ज्ञानी र विद्वान थिए, र अल्लाह एवं अल्लाहका रसूलको वाणीको सबैभन्दा अधिक ज्ञानी थिए, र कुरआन एवं सुन्नत बमोजिम सबैभन्दा अधिक कार्यरत थिए । र यस उम्मतलाई सबैभन्दा अधिक सद्उपदेश गर्नेवाला थिए र उनीहरूका सबैभन्दा अधिक हितैषी थिए । र हवस पूजा र विदअतबाट (धर्ममा नौलो कुरो अविष्कार गर्नुबाट) सबैभन्दा अधिक टाढा रहनेवाला थिए ।

**चौथो:** उनीहरूमाथि अल्लाहको प्रशान्ति पठाउँदै रहनु, र उनीहरूको लागि अल्लाहसित याचना गर्दै रहनु, अल्लाहको यस कथनलाई कार्यन्वयन गर्ने उद्देश्यले:

﴿ وَٱلَّذِينَ جَآءُو مِنۢ بَعۡدِهِمۡ يَقُولُونَ رَبَّنَا ٱغۡفِرۡ لَنَا وَلِإِخۡوَٰنِنَا ٱلَّذِينَ سَبَقُونَا بِٱلۡإِيمَٰنِ وَلَا تَجۡعَلۡ فِي قُلُوبِنَا غِلّٗا لِّلَّذِينَ ءَامَنُواْ رَبَّنَآ إِنَّكَ رَءُوفٞ رَّحِيمٌ ١٠ ﴾

الحشر: ١٠

अर्थ : र यस सम्पत्तिमा उनको पनि (भाग छ) जो उनीपछि आएछन् । उनीहरूले भन्नेछन् कि हे हाम्रो पालनकर्ता ! हामीलाई क्षमा गरिदेऊ र हाम्रा ती दाजुभाइहरूलाई पनि जो हामीभन्दा पहिला ईमान ल्याए, र हाम्रा हृदयमा ईमानवालाहरूको निम्ति कुनै विद्वेश र शत्रुता नराख । हे हाम्रा पालनकर्ता ! तिमी निश्चय नै बडो करुणामय अत्यन्त दयावान छौ । ( सूरतुल् हश्र १० )

**पाँचौं:** जुन उनीहरूबीच मतभेद भएको थियो त्यसबारे चुप लाग्नु, र यो आस्था राख्नु कि उनीहरूले प्रयास गरे जसमाथि उनीहरूलाई पुण्य अवश्य मिल्नेछ । यसर्थ जसको प्रयास सफल भयो अर्थात सत्यतालाई पायो त्यसलाई दुई पुण्य र जससित प्रयास गर्नुमा त्रुटि भयो त्यसलाई एक

पुण्य अवश्य मिल्नेछ, र त्यसको त्रुटि माफ छ, किनकि त्यसले सत्यलाई पाउने प्रयास गरेको हो ।

**छठौं:** उनीमध्ये कसैसित संलग्न गरिएको मिथ्यारोपणलाई प्रचार गर्नुबाट बाँच्नु, किनकि अनैतिक र अमानवीय कुराहरूलाई उनीसित कुटिल मानिसहरूद्वारा संलग्न गरिएको छ । र यदि कुनै कुरा प्रमाणित पनि भइजाओस् त त्यसको वास्तविक तथ्य के हो हामीलाई त्यसको ज्ञान छैन, यसर्थ यस्ता अनभिज्ञतापूर्ण र अनैतिक कुराहरूलाई उनीहरूसित गाँसेर त्यसको प्रचार गर्नुको अर्थ हो उनीसित ईर्ष्या राख्नु, र उनीहरूबाट अरुलाई बदगुमान गर्नु । त यस्ता खालका समस्त कुराहरू मान्छेको उनीप्रति ईर्ष्या र शत्रुतालाई स्पष्ट गर्छ जुनकि महापापको सीमामा आउँछ, र यसको कारण त्यसमाथि अल्लाहको यातना अनिवार्य भइहाल्छ ।

**सातौं:** यो आस्था राख्नु कि उनीहरूमध्ये कसैलाई पनि गाली गर्नु हराम छ, र उनीलाई तिरस्कृत र धिक्कृत एवं अपमानित गर्नु असाध्य हराम छ, किनकि यस्तो गर्नाले अल्लाहको त्यस गवाहीलाई मिथ्या ठहर गर्नु बोध हुन्छ जसमा अल्लाहले

उनीहरूलाई सफलता प्राप्त भनेको छ र उनीहरूको प्रशंसा गरेको छ । यस्तै उनीहरूलाई कुशब्द भन्नु रसूल सल्लल्लाहो अलैहे वसल्लमको अपमान गर्नु सरह छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई गाली गर्नुबाट रोकेका छन् । र उनीहरूलाई अपमानित गर्नुले उनीहरूमाथि अत्याचार गर्नु र उनीहरूको हक हनन् गर्नुको पनि बोध हुन्छ किनकि उनीहरू सन्देष्टाहरू पश्चात अल्लाहका सर्वोत्कृष्ट वलीहरू (प्रियतम्, मित्र) हुन्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَٱلَّذِينَ يُؤْذُونَ ٱلْمُؤْمِنِينَ وَٱلْمُؤْمِنَٰتِ بِغَيْرِ مَا ٱكْتَسَبُوا۟ فَقَدِ ٱحْتَمَلُوا۟ بُهْتَٰنًا وَإِثْمًا مُّبِينًا ﴿٥٨﴾ ﴾

الأحزاب: ٥٨

अर्थ : र जुन मासिनहरूले ईमानवाला पुरुषहरू र ईमानवाली स्त्रीहरूलाई, बिना कुनै कारण यस्तो कुराको आरोप लगाएर दु:ख पुऱ्याएका छन्, जुनकि उनीहरूले गरेका छैनन्, भने, उनीहरूले त ठूलो मिथ्यारोपण र प्रत्यक्ष पापको बोझ आफूमाथि उठाएका छन् । (सूरतुल् अहजाब ५८)

र एउटा हदीसे कुदसीमा छ अल्लाहको भनाई छः

" من عادى لي وليا فقد أذنته بالحرب... "

अर्थ : जसले मेरा मित्रहरूसित शत्रुता गऱ्यो त्यससित युद्ध गर्ने मेरो एलान छ ... ।

# सातौं अध्याय

## सहाबाहरूको सत्यवानता र सत्यनिष्ठता

अल्लाहले आफ्नो यस कथनद्वारा सहाबाहरूलाई नै सम्बोधन गरेको छ कि:

﴿ كُنتُمۡ خَيۡرَ أُمَّةٍ أُخۡرِجَتۡ لِلنَّاسِ ﴾ آل عمران: ١١٠

अर्थ : (मोमिनहरू !) मानिसहरूका लागि पैदा गरिएको सबै सम्प्रदायहरू मध्ये तिमीहरू सबैभन्दा उत्तम हौ (सूरतु आले इम्रान ११०)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ وَكَذَٰلِكَ جَعَلۡنَٰكُمۡ أُمَّةٗ وَسَطٗا لِّتَكُونُواْ شُهَدَآءَ عَلَى ٱلنَّاسِ ﴾ البقرة: ١٤٣

अर्थ : हामीले यस्तै तिमीलाई मध्यमार्गी समुदाय बनाएका हौं ताकि अरु मानिसहरूको साक्षी बन । (सूरतुल् बकर: १४३)

यसर्थ यस कथनमा सहाबाहरू सर्वप्रथम शम्मिलित हुने अधिकारी छन् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो हदीस प्रमाणित छ कि उनीहरू नै

समस्त उम्मतमध्ये सर्वोत्तम मानिसहरू हुन् र सर्वोत्तम युगमा छन्, र प्रलयको दिन सत्तरी समूहमध्ये यिनीहरू अल्लाह निकट सर्वोत्कृष्ट समूह हुनेछन् श्रेष्ठता र अनुग्रहको दृष्टिले । र कुरआन र हदीसमा उनीहरूको श्रेष्ठता र प्रधानता वर्णन गर्ने यति श्लोक उदधृतहरू छन् जसलाई आँकलन गर्नु असम्भव छ ।

र यदि कुनै हेर्नेवाला उनीहरूको जीवनी र अवस्थामा दृष्टि हालोस्, र उनीहरूको बारेमा विचार गरोस् कि उनीहरू कसरी इस्लामको प्रचार प्रसार गरे, र कसरी धर्मयुद्ध गरे, र आफ्नो ज्यान माललाई अल्लाहको मार्गमा न्योछावर गरे, ताकि अल्लाहको वाणी उच्च रहोस् । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको सहायता गरे ताकि अल्लाहको धर्म अधिपत्यशाली रहोस् । र जुन उनीहरूभित्र निष्ठायुक्त ईमान र आस्था थियो र उनी जति सुमार्गी र सत्कर्मी थिए, र महान विद् थिए, र यस जस्ता अरु जुन विशेषता उनीहरूमा पाइन्थ्यो त्यसमा विचार गरे पश्चात यो स्पष्ट भइहाल्छ कि: नि:सन्देह उनीहरू सन्देष्टाहरू पश्चात यस जगतका

सर्वश्रेष्ठ मानिस थिए । र नि:सन्देह उनीहरू यस उम्मतका सर्वश्रेष्ठ मानिसहरू हुन् आस्था ईमान र ज्ञान एवं मनीषको दृष्टिले, र उनीहरू सत्मार्गमा थिए, यसर्थ उनीहरू जस्तो अवस्थामा थिए त्यस्तो अवस्थामा कसै अरुको हुनु दुर्लभ छ ।

त यसै कारण अहलुस्सुन्नह वल् जमाअह यस कुरामा एकमत छन् कि समस्त सहाबीहरू सत्यवान र सत्यनिष्ठ एवं विश्वासनीय छन्, उनीहरूमध्ये कसैको सत्यता र विशवासनीयताबारे अनुसंधान गर्नु वा त्यसमा टिप्पणी गर्नु मिल्दैन, किनकि उनीहरूको सत्यता निष्ठा, विश्वासनीयता र प्रशंसामा अनगिन्त श्लोकहरू वर्णित छन्, र उनीहरूको विशेषता मध्यमार्गिता र सत्यतालाई प्रमाणीकरण गरेका छन् जुन उनीहरूको विशिष्टता र प्रधानतालाई स्पष्ट गर्छ । त यस सुदृढ र प्रमाणित कुरालाई केही मिथ्यावादी र हवसपूजारी एवं इस्लामका शत्रुहरूको मिथ्यारोपणको कारण छाड्न सकिन्न जसलाई उनी मिथ्यावादीहरूले आफै रचेका छन् ।

र यी सहाबीहरूको बारेमा जुन अनैतिक मिथ्यारोपण गरिएको छ त्यसमध्ये केहीतर्फ निम्नमा संकेत गरिन्छः

(१) याता त्यो भनिएको कुरा पूर्णरूपले झूठ र असत्य हुन्छ ।

(२) याता त्यस कुरालाई थपघट गरेर पेश गरिन्छ जसलेगर्दा त्यस कुराद्वारा तिनीहरूको अवहेलना र अपमान जाहेर हुन्छ ।

(३) र यस बारेमा सही र साँचो कुरो यो हो कि उनीहरूले प्रयास गरेका थिए जसको बारेमा यो ज्ञात नै छ कि यदि प्रयास गर्ने मान्छे सत्यलाई पायो भने त्यसलाई दुई पुण्य र यदि गल्ती गऱ्यो भने एक पुण्य अवश्य मिल्नेछ, र त्यसको यो गल्ती पनि क्षमय छ ।

त जुन उनी सहाबीहरूद्वारा उत्पन्न भयो त्यो पनि यसै प्रयासको सन्दर्भमा भयो यसर्थ दुवै अवस्थामा उनीहरूलाई पुण्य अवश्य मिल्नेछ, र उनीलाई त्यसमा निर्दोष पनि मानिन्छ ।

र यसै कारण अहलुस्सुन्नहका जति पनि महान विद्हरू छन् जिनको उदगारको महत्व छ सबै यस

कुरामा एकमत छन् कि: उनीहरूको (सहाबाहरूको) गवाही र उनीद्वारा वर्णित हदीसहरूलाई नि:संकोच स्वीकार गरिन्छ, र उनीहरूको सत्यतामा कुनै प्रकारको सन्देह गरिदैन। र सबैको यो पनि आस्था छ कि उनीहरूलाई निष्ठावान र सत्यवान मान्नु, र मिथ्यावाद कपट ... आदि जस्ता अवगुणबाट पवित्र मान्नु जरुरी छ, र उनीहरूलाई गाली गर्नु वा उनीमाथि टिप्पणी गर्नु हराम छ।

र यो आस्था राख्नु पनि अनिवार्य छ कि मान्छे यस कुरामा कुनै प्रकारको सन्देह नगरोस् बरु त्यसलाई यो विश्वास होस् कि उनीहरू नबी सल्लल्लाहो अलैहे वसल्लम पश्चात यस उम्मतका सर्वोत्कृष्ट मानिसहरू हुन्। अबू जुरअह रहेमहुल्लाह (उनीमाथि अल्लाहको दया होस्) को भनाई छ कि: जब तिमी कुनै यस्तो मान्छेलाई हेर जुन सहाबाहरूको पद र दर्जामा कमी गर्न खोजिरहेको छ, त जानिहाल कि त्यो नास्तिक हो। किनकि कुरआन सत्य हो, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नत सत्य हो, र दुवैलाई हामीहरूसम्म पुऱ्याउनेवाला मात्र सहाबाहरू नै हुन्। त जुन व्यक्ति उनीमाथि

टिप्पणी गर्न खोज्दछ वास्तवमा त्यो कुरआन र सुन्नतलाई नै स्थगित गर्न खोजिरहेको छ, अर्थात कुरआन र हदीसलाई नै मिथ्या प्रमाणित गर्न खोजिरहेको छ ।

## ☐ सहाबाहरूलाई गाली गर्नुका थरीहरू र प्रत्येक थरीको हुकुम

सहाबाहरूलाई नाना प्रकारले गाली गरिन्छ जसमध्ये केहीलाई निम्नमा वर्णन गरिन्छः

**पहिलोः** कुनै विशेष सहाबीलाई गाली गर्नु, जबकि त्यसको पवित्रतामाथि कुरआन प्रमाणीकरण गरिरहेको छ, र हदीसहरूमा त्यसको श्रेष्ठता र विशेषता वर्णित छन्, जसरी हजरत अबू बक्र, हजरत उमर, हजरत आइशा, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमकी बाँकी स्वास्नीहरू अर्थात उम्महातुल् मुमिनीन, अल्लाह उनी सबैसित प्रसनन होउन् । त यदि कुनै व्यक्ति यस्ता विशेष सहाबीलाई विशिष्टगरी नामांकित गर्दै गाली गर्छ भने त्यो व्यक्ति इस्लामबाट निष्कासित भयो, अर्थात मुर्तद र काफिर भयो । र त्यसको वध अनिवार्य भयो जब

यो प्रमाणित भइहालोस् कि त्यसले गाली गरेको छ र त्यसमा निरन्तरताले कायमै छ ।

**दोस्रोः** यस्तो प्रकारले उनीहरूलाई गाली गर्नु जसद्वारा यो प्रतीत होस् कि उनीहरू काफिर वा पापी थिए, जसरी कि शीआ राफेजाहरू गर्छन् । त यस्तो गर्नु पनि नास्तिकता हो, किनकि यस्तो गर्नाले अल्लाह र अल्लाहका सन्देष्टालाई झुट्ठा ठहर गरिन्छ, किनकि अल्लाह र अल्लाहका रसूलले उनीहरूलाई यस्ता खालका कुराहरूबाट पवित्र भनेका छन्, र उनीहरूको प्रशंसा गर्दै उनीहरूबाट राजी भएका छन् । यसर्थ जुन व्यक्ति पनि उनीलाई काफिर भनोस् त्यो त काफिर भयो, तर जुन मान्छे यस्ता मानिसहरूको काफिर हुने कुरामा सन्देह गरोस् त्यो पनि काफिर भइहाल्छ, किनकि उनीहरूको कथनको तात्पर्य यो हो कि यस धर्मलाई हामीहरूसम्म पुऱ्याउनेहरू काफिर र पापी थिए ।

**तेस्रोः** उनीहरूलाई धिक्कृत गर्नु, उनीहरूको लागि कुशब्दको प्रयोग गर्नु । त यस्तो मान्छेहरूबारे विद्हरूका दुई कथन छन् जसमध्ये एउटा कथन यो पनि हो कि त्यो यस्तो गर्नाले काफिर त हुँदैन तर

यो अनिवार्य भइहाल्छ कि यस्तो मान्छेलाई दण्ड दिइयोस्, र त्यसलाई थुनियोस् यहाँसम्म कि त्यो मरोस् वा आफूले भनेको कुराबाट फर्कोस् र त्यसबाट तौबा गरेर यो भनोस् कि मैले असाध्य नराम्रो दोषित कार्य गरेको छु ।

**चौथो:** उनीहरूलाई यस्ता शब्दहरूद्वारा गाली गर्नु जुन उनीहरूको धर्मपरायणतामा टिप्पणीय नहोस्, जसरी उनीलाई कञ्जूस र कायर भन्नु.... आदि । त यस्तो भन्ने मान्छे पनि काफिर हुँदैन, तर त्यसलाई त्यसको यस कथनको कारण दण्डित गरेर पाठ पढाइन्छ । र यसै जस्तो कुरा शैखुल इस्लाम इब्ने तैमियाले आफ्नो किताब अस्सारिमुल् मस्लूलमा भनेका छन् । र इमाम अहमदद्वारा वर्णन गरिन्छ कि उनीले भने कि कसैको लागि यो जायज छैन कि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथीहरूलाई गाली गरोस् वा कुशब्दद्वारा याद गरोस्, र जसले पनि यस्तो गऱ्यो त्यसलाई दण्डित गरेर पाठ पाढाउनु अति आवश्यक छ, र त्यसलाई थुनामा राखियोस्, अनि यदि त्यो आफ्नो यस कुकर्मबाट प्रयाश्चित गरिहाल्छ भने त्यसलाई

छाडियोस्, र यदि तौबा गर्दैन त त्यसलाई थुनामा तबसम्म राखियोस् जबसम्म यसबाट तौबा नगरोस् ।

# आठौं अध्याय

# सहाबाहरूको बारेमा अहलुस्सुन्नह वल् जमाअहको आस्था र सिद्धान्तको सार

(क) रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूसित माया गर्नु, किनकि उनीहरूसित प्रेम गर्नु आस्था हो, र उनीहरूसित ईर्ष्या गर्नु कपटपना हो । सही बुखारीमा छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

"آية الإيمان حب الأنصار وآية النفاق بغض الأنصار"

अर्थ : ईमान (आस्था) को निशानी (लक्षण) अन्सारीहरूबाट प्रेम गर्नु हो, र कपटपनाको निशानी अन्सारीहरूबाट ईर्ष्या राख्नु हो ।

र अन्सारीहरूको बारेमा आर्को हदीसमा अल्लाहका रसूलले भन्नु भयो:

"لا يحبهم إلا مؤمن ولا يبغضهم إلا منافق "

अर्थ : अन्सारीहरूलाई त्यो मान्छे माया गर्छ जुन आस्थावान हुन्छ, र उनीहरूबाट ईर्ष्या मात्र कपटी नै गर्छ ।

त जब यो अवस्था छ अन्सारी सहाबीहरूसित प्रेम गर्नुको त मुहाजिरीन सहाबीहरू जुनकि संक्षिप्तमा अन्सारीहरूभन्दा श्रेष्ठ छन् उनीहरूसित प्रेम गर्नु त अरु श्रेष्ठ हुन्छ, किनकि उनीहरूले सर्वप्रथम इस्लाम कबूल गरे, र प्रवास गर्नुको साथै सहायता गर्नुमा अघि अघि थिए । र अत्याधिक श्लोकहरूमा उनीहरूलाई अन्सारीहरूमाथि प्रधानता प्रदान गरिएको छ, र समस्तको लागि अल्लाहको प्रसन्नता र त्यसले गरेको वाचा बमोजिम विशाल अनुकम्पाहरू पाउनुको पनि वर्णन गरिएको छ ।

**(ख)** उनीहरूको (अहलुस्सुन्नहको) हृदय सहाबाहरूमध्ये प्रत्येकको ईर्ष्याबाट स्वच्छ र पवित्र छ अल्लाहको यस कथन बमोजिम:

﴿ وَٱلَّذِينَ جَآءُو مِنۢ بَعۡدِهِمۡ يَقُولُونَ رَبَّنَا ٱغۡفِرۡ لَنَا وَلِإِخۡوَٰنِنَا ٱلَّذِينَ سَبَقُونَا بِٱلۡإِيمَٰنِ وَلَا تَجۡعَلۡ فِي قُلُوبِنَا غِلّٗا لِّلَّذِينَ ءَامَنُواْ رَبَّنَآ إِنَّكَ رَءُوفٞ رَّحِيمٌ ١٠ ﴾

الحشر: ١٠

अर्थ : र यस सम्पत्तिमा उनको पनि (भाग छ) जो उनीपछि आएछन् । उनीहरूले भन्नेछन् कि हे हाम्रो पालनकर्ता ! हामीलाई क्षमा गरिदेऊ र हाम्रा ती दाजुभाइहरूलाई पनि जो हामीभन्दा पहिला ईमान ल्याए, र हाम्रा हृदयमा ईमानवालाहरूको निम्ति कुनै विद्धेश र शत्रुता नराख । हे हाम्रा पालनकर्ता ! तिमी निश्चय नै बडो करुणामय अत्यन्त दयावान छौ । ( सूरतुल् हश्र १० )

**(ग)** उनीहरू सहाबाको बारेमा कुरागर्दा आफ्नो जिब्रोमाथि नियन्त्रण राख्दछन्, र उनीहरूको बारेमा कुनै अनुचित कुरा गर्दैनन्, बरु उनीहरूको प्रशंसा र श्रेष्ठता र प्रशंसाको वर्णन गर्नुबाट उनीहरूको जिब्रोहरू थाक्दैनन् । र उनीहरू सहाबाहरूको उस्तै प्रतिरक्षा गर्छन् जसरी कि अल्लाहका रसूलले आफ्नो यस कथनद्वारा गरेका छन्, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"لا تسبوا أصحابي، فوالذي نفسي بيده لو أنفق أحدكم مثل أحد ذهبا ما بلغ مُد أحدهم ولا نصيفه"

अर्थ : मेरा साथीहरूलाई (सहाबीहरूलाई) गाली नगर्नु, त्यसको शपथ जसको हातमा मेरो प्राण छ यदि तिमीहरूमध्ये कोही उहुद पर्वत भ्रैं सुन खर्च गरोस् (दान गरोस्) तै पनि मेरा साथीहरूले खर्च गरेको एक मुठ्की वा त्यसको आधाको पुण्यलाई पनि पुग्न सक्दैन ।

त यो हदीस यस कुरालाई प्रमाणीकरण गर्छ कि उनीहरूलाई गाली गर्नु हराम (निषेधित) छ । यसर्थ उनीहरूलाई तिरस्कृत गर्नु असाध्य हराम छ, र दुवै महापापहरूमध्येका हुन् । र सही हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" لعن المؤمن كقتله"

अर्थ : आस्थावान मान्छेलाई तिरस्कृत गर्नु त्यसको वध सरह छ ।

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

" الله الله في أصحابي لا تتخذوهم غرضا ومن آذاهم فقد آذاني , ومن آذاني فقد آذى الله, ومن آذى الله فيوشك أن يأخذه "

अर्थ : मेरा साथीहरूको बारेमा अल्लाहसित डर मान्दै गर्नु, र उनीहरूलाई उपहास र गाली गर्ने माध्यम नबनाउनु, र जसले उनीहरूलाई कष्ट पुऱ्यायो त्यसले मलाई कष्ट पुऱ्यायो, र जसले मलाई कष्ट पुऱ्यायो त्यसले अल्लाहलाई कष्ट पुऱ्यायो, त जसले अल्लाहलाई कष्ट पुऱ्यायो त्यसमाथि अल्लाहको यातना सुनिश्चित भयो ।

यसर्थ उम्मतमाथि सहाबाहरूको हक सर्वोत्कृष्ट हकहरूमध्ये एक हो, किनकि उनीहरू नबी पश्चात उम्मतका सर्वोतकृष्ट र मनोनीत मान्छेहरू हुन्, यसर्थ अल्लाहको प्रशान्ति र दया अवतरित होस् उनी समस्तमाथि ।

(घ) अहलुस्सुन्नह वल् जमाअह सहाबाहरूलाई पापमुक्त मान्दैनन् चाहे ती सहाबीहरू इस्लाम ल्याउनुमा प्रथम होउन् वा रसूल सल्लल्लाहो अलैहे वसल्लमका निकट्तम् आफन्ती किन नहोउन् । बरु अहलुस्सुन्नह वल् जमाअहको यो आस्था छ कि उनीहरूद्वारा पाप र दोष हुनु जायज र स्वभाविक कुरो हो अरु मानव झैं, चाहे त्यो ठूलो पाप किन

नहोस्, तर अल्लाहले उनीहरूका पापहरूलाई माफ गरिदिन्छ निम्नका कारणहरूलेगर्दा:

(१) तौबाद्वारा, र यसद्वारा उनीहरूको दर्जामा पनि बढोत्तरी गरिन्छ ।

(२) र उनीहरूको पापलाई नष्ट गर्ने पुण्यहरूद्वारा ( अल्लाह) क्षमा प्रदान गर्दछ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَٱلَّذِى جَآءَ بِٱلصِّدْقِ وَصَدَّقَ بِهِۦٓ ۙ أُو۟لَٰٓئِكَ هُمُ ٱلْمُتَّقُونَ ﴿٣٣﴾ لَهُم مَّا يَشَآءُونَ عِندَ رَبِّهِمْ ۚ ذَٰلِكَ جَزَآءُ ٱلْمُحْسِنِينَ ﴿٣٤﴾ ﴾ الزمر: ٣٣ - ٣٤

अर्थ : र जुन व्यक्तिले सत्य कुरा लिएर आयो र जसले त्यसको पुष्टि गऱ्यो, ती मानिसहरू नै संयमी (असल मानिस) हुन् । तिनीहरूले जे चाहनेछन्, उनीहरूको निम्ति प्रत्येक चीज उनीहरूको पालनकर्तासँग छ, असल मानिसहरूको यही नै पुरस्कार हो । ( सूरतुज्जुमर ३३,३४ )

त सहाबाहरू पूर्ण उम्मतमध्ये सर्वोत्कृष्ट निष्ठावान र आस्थावान हुन्, र सबैभन्दा अधिक रसूल

सल्लल्लाहो अलैहे वसल्लममाथि विश्वास गर्नेवाला हुन् । र उनीहरूका जति श्रेष्ठता छन्, र इस्लाममा पहल गर्नुको कारण पनि अल्लाह उनीहरूको पापलाई क्षमा गरिदिन्छ यदि उनीहरूद्वारा पाप भयो भने ।

(३) उनीहरूका यस्ता पाप पनि क्षमय छन् जुन उनी पश्चात आएका अरु मानिसहरूका क्षमय छैनन्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथनद्वारा यो प्रमाणित छ कि उनीहरूको युग सर्वोतकृष्ट युग हो, र उनीहरूले दान गरेको एक मुठ्की पनि उनी पश्चात आएका मानिसहरूको उहुद पर्वत बराबर दानभन्दा अधिक छ ।

(४) र यदि उनीमध्ये कसैद्वारा पाप भइहालेको थियो भने उनीहरूले कदाचित तुरुन्तै तौबा गरिहाल्थे, किनकि उनीहरू अल्लाहसित असाध्य डर मान्थे र तौबा गर्नुमा र क्षमायाचना गर्नुमा हतार गर्थे, र त्यस पापलाई पुन: गर्नुबाट पंछिहाल्थे, र यस कुरामा उनीहरू समस्त उम्मतबाट सर्वोत्कृष्ट थिए ।

(५) त जुन श्रेष्ठता अल्लाहले उनीहरूलाई प्रदान गरेको थियो, र जति विशेषताहरूद्वारा उनीलाई विशेषित गरेको थियो, र यस्ता यस्ता आपतपिवत्ति उनीहरूमाथि अवतरित गरेको थियो जुन पापनाशक थिए जसद्वारा अल्लाहले उनीहरूका पापहरूलाई नष्ट पारिदियो ।

(६) फेरि उनीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको शिफाअतका सबैभन्दा अधिक हकदार छन्, र यस बाहेक अरु कुराहरू छन् जुन उनीहरूको मुक्तिका कारण हुन्छन् ।

त जब यो त्यस पापको बारेमा छ जुन उनीहरूबाट घटित भए, यसर्थ त्यसको बारेमा के हुकुम हुन्छ जसमा उनीहरूले प्रयासगर्दा गल्ती गरे ? जसमा पुण्य प्राप्ति समस्तको लागि प्रमाणित छ कि सत्यलाई पाउने मान्छे दुई र गल्ती गर्नेलाई एक पुण्य अवश्य मिल्नेछ, अर्थात गल्ती गरेमा त्यसको प्रयासको पुण्य अवश्य मिल्छ र त्यसको त्यो गल्ती र त्रुटि क्षमय छ ।

(ङ) र यसै कारण अहलुस्सुन्नह वल् जमाअहको यस कुरामा एकमत छ कि हजरत उस्मानको हत्या

पश्चात उनीहरूले प्रयास गरेका कुराहरूमा जसको कारण सहाबाहरूबीच विभाजन, मतभेद र विद्रोहको उत्पात भयो त्यसबारे चुप लाग्नुलाई अनिवार्य गरेका छन्, र यो भनेका छन् कि त्यसमा (संघर्षमा) शहीद भएका दुवै समूहका सहाबीहरूको लागि क्षमायाचना गर्नु अनिवार्य छ । र हाम्रा सदाचारी पूर्वजहरूमध्ये एउटासित यो प्रश्न गरियो कि जुन युद्ध सहाबाहरूबीच भयो जसमा केही सहाबीहरू शहीद भए त यसको बारेमा तपाई के भन्नुहन्छ ? त उनले भने: त्यो अल्लाहले लेखेको रक्तपात थियो जसबाट अल्लाहले हाम्रो हातहरूलाई सुरक्षित गऱ्यो, यसर्थ हामी आफ्नो जिब्रोलाई पनि त्यसबाट लिप्त गर्न चाहँदैनौं, अनि अल्लाहको यस कथनको पाठन गरे:

﴿ تِلْكَ أُمَّةٌ قَدْ خَلَتْ لَهَا مَا كَسَبَتْ وَلَكُم مَّا كَسَبْتُمْ
وَلَا تُسْـَٔلُونَ عَمَّا كَانُوا۟ يَعْمَلُونَ ﴿١٣٤﴾ ﴾ البقرة: ١٣٤

अर्थ : यो पुस्ता बितिसक्यो, तिनीहरू आफ्ना कर्मका भागी छन् र तिमी आफ्ना कर्मका, र जुन

कर्म उनले गरे त्यसको सोधपूछ तिमीसित हुने छैन । ( सूरतुल् बकर: १३४ )

तसर्थ हामीहरूमाथि अनिवार्य यो छ कि हामी उनीहरूको श्रेष्ठतालाई मानौं, र उनीहरूको प्रशंसा गरौं, र उनीहरूको श्रेष्ठताको प्रचार प्रसार गरौं । र यो आस्था राखौं कि उनीमध्ये प्रत्येक मुजाहिद र प्रयासकर्ता थिए, र उनीले कुनै त्रुटि जानेर गरेनन्, यसर्थ जसले प्रयास गरेर सत्य र सही कुरा पाए उनीहरूको लागि दुई पुण्य छ, र जसले प्रयासमा गल्ती गरे उनीहरूको लागि एक पुण्य छ र त्यो त्रुटि पनि माफ छ ।

र जति हदीसहरू पनि उनीहरूलाई दोषी ठहर गर्नुको लागि वर्णन गरिन्छ सबै मिथ्या हदीसहरू हुन्, र कतिपयलाई त्यसको वास्तविक अर्थबाट फेरिएको हुन्छ, र यस्तै कतिपय हदीसहरूमा थपघट गरिएको हुन्छ । यसर्थ यसबारे सही कथन यो नै हो कि जुन कुराहरूमा उनीहरूबीच मतभेद भयो त्यसमा उनीहरू अरु मानिसहरू झैं निर्दोष मानिन्छन्, किनकि उनीहरूले त्रुटि गर्ने मनसायले प्रयास गरेका होइनन् । र जुन त्रुटि उनीहरूसित

भएको छ त्यो त्यस श्रेष्ठता र सत्यता निष्ठा एवं सुकर्मको तुलनामा अति निकृष्टतम र तुच्छ छ जसद्वारा उनीहरू सम्मानित छन् । अर्थात उनीहरूको सुदृढ आस्था, अल्लाह र अल्लाहका रसूलमाथि निष्ठापूर्वक विश्वास, धर्मयुद्ध, र इस्लामको प्रचार प्रसारको तुलनामा ।

र यदि कुनै पनि न्यायकर्ता उनीहरूको जीवनीको अध्ययन गरोस्, र उनीहरूका ती श्रेष्ठता र सुकर्म एवं धर्मपरायणताबाट अवगत भइहालोस् जसद्वारा अल्लाहले उनीहरूलाई सम्मानित गरेको थियो, त त्यो यो मान्नुमा बाध्य र विवश भइहाल्छ कि उनी यस विश्वका सर्वोत्कृष्ट सृष्टि थिए, नत उनीभन्दा पहिला नै उनी जस्ता प्राणी थिए नत भविष्यमा नै उनी जस्ता हुनु सम्भव छ । बरु उनीहरू मनोनीत मानिसहरू थिए, जिनलाई अल्लाहले त्यस सर्वश्रेष्ठ युगको लागि मनोनीत गरेको थियो, र आफ्नो अपार अनुग्रहबाट उनीहरूलाई सम्मानित गरेको थियो ।

**चेतावनीः** सहाबीहरूको त्रुटिहरूलाई त्रुटि भन्नाले यो बोध गर्ने उद्देश्य कदापि छैन कि यसद्वारा

उनीहरूको मर्यादालाई कम गरियोस् वा उनीहरूमाथि यसद्वारा टिप्पणी गरियोस्, बरु यो यस्तो सत्य कुरो हो जसलाई भन्नु जरुरी र आवश्यक छ, र उम्मतलाई यसबारे सद्उपदेश गर्नु पनि आवश्यक छ । यसर्थ विद्हरू र आस्थावानहरू उनीहरूलाई पापमुक्त मान्दैनन् नत पाप भएकोमा उनीलाई दोषी नै मान्दछन् । तर विदअतीहरू पाप र त्रुटिलाई एकआर्कासँग संलग्न गर्छन्, र यसै कारण अहलुस्सुन्नह वल् जमाअह सहाबाहरूको बारेमा ती दुवै समूहको बीचमा छन्, अर्थात ती दुवै समूहबीच जसमध्ये एक उनीहरूलाई पापमुक्त भन्दछ, त आर्को उनीलाई उनीहरूको त्रुटिको कारण दोषी भन्दछ । (यसर्थ अहलुस्सुन्नह वल् जमाअह उनीहरूलाई नत सन्देष्टाहरू झैं पापमुक्त मान्दछन् नत त्रुटिको कारण दोषी नै मान्दछन् बरु यो भन्छन् नत उनीहरू पापमुक्त नै थिए नत दोषी ।)

# उनीहरूमध्ये कसैको स्वर्गीय हुनुको गवाही दिनुबारे वर्णन

त जसरी अहलुस्सुन्नह वल् जमाअह केही नामांकित सहाबीहरू र समूहहरूको श्रेष्ठतालाई स्वीकार्दछन् ती कुरआन र हदीसका श्लोकहरूको हुनाले जुन यस कुरामाथि प्रमाणीकरण गर्दछन् ।

यसर्थ उनीहरू कुनै यस्तो सहाबीको स्वर्गीय हुने कुराको गवाही दिदैनन् जसको स्वर्गीय हुने कुरामा अल्लाह र अल्लाहका रसूलले गवाही दिएका छैनन्, किनकि मनीष र बुद्धिद्वारा कसैको स्वर्गीय र नर्कीय हुने कुराको गवाही दिन सकिदैन, किनकि यी कुराहरू अदृश्यका कुराहरू हुन् । यसर्थ यस कुराको निर्भरता मात्र वह्यमाथि छ, र यसको पुष्टि मात्र वह्यद्वारा नै हुन्सक्छ, त वह्यद्वारा जसको स्वर्गीय हुने गवाही प्रमाणित छ त्यसको स्वर्गीय हुने गवाही अहलुस्सुन्नह वल् जमाअह पनि दिन्छन्, र जसको स्वर्गीय हुने कुरा वह्यद्वारा पुष्टि गरिएको छैन त्यसको स्वर्गीय हुने बारे अहलुस्सुननह वल् जमाअह पनि गवाही दिदैनन् । र नबी सल्लल्लाहो अलैहे वसल्लमको कसैको पक्षमा गवाही दिनु वा कसैको

विरुद्ध गवाही दिनु वास्तवमा अल्लाहद्वारा भनिएको कुरो हो, जस्तोकि हल्लाहको फर्मान छः

﴿ وَمَا يَنطِقُ عَنِ ٱلۡهَوَىٰٓ ٣ إِنۡ هُوَ إِلَّا وَحۡيٞ يُوحَىٰ ٤ ﴾

النجم: ٣ - ٤

अर्थ : र उनी आफ्नो इच्छाले केही भन्दैनन् । त्यो त मात्र वह्य हो जुन (उनीमाथि) पठाइँदै छ । ( सूरतुन्नज्म ३,४)

तर यसको साथै अहलुस्सुन्नह वल् जमाअह आस्थावान मुसलमानहरूको परोपकारको अल्लाहसित राम्रो प्रतिफलको आशा राख्दछन् र दोषीहरूको दाषको दुष्परिणामबाट भय मान्दछन् । र स्वर्गीय एवं नर्कीय हुनेबारे गवाहीका दुई थरी छन्ः

**(१) विशिष्टः** जुन यस्तो विशेष व्यक्तिको बारेमा हुन्छ जसको बारेमा यो भनियोस् कि त्यो नर्कमा हुन्छ वा स्वर्गमा, त यस्तो कुनै विशेष व्यक्तिको बारेमा मात्र त्यसलाई स्वर्गीय वा नर्कीय भन्न सकिन्छ जसलाई अल्लाहले वा अल्लाहका रसूलले स्वर्गीय वा नर्कीय भनेका होउन् ।

**(२) आम (सामान्य):** र यो विशेष विशेषताहरूसित संलग्न हुन्छ, जसरी यो गवाही दिनु कि समस्त आस्थावानहरू स्वर्गमा जान्छन्, र समस्त अनास्थावान र नास्तिकहरू नर्कमा जान्छन्। त यो यस्तो विशेषता हो जसलाई अल्लाहले स्वर्ग अथवा नर्कमा जानुको कारण र निशानी बनाएको छ, जुन राफेजा र उनी जस्ता अरु समूहहरूको मूर्खतालाई स्पष्ट गर्छ जिनले यस कुरालाई उल्टो गरिदिएका छन्। अर्थात उनीहरू त्यस मान्छेको नर्कीय हुनेबारे गवाही दिन्छन् जसको स्वर्गीय हुने गवाही अल्लाह र अल्लाहका रसूलले दिएका छन्, र केही ती विशिष्ट मान्छेहरूको स्वर्गीय हुनेबारे गवाही दिन्छन् जसको स्वर्गीय हुने गवाही अल्लाह र अल्लाहका रसूलले दिएका छैनन्। र यस्तो उनीहरू अनास्था, कुटिलता एवं पथभ्रष्टताको कारण गर्छन्, र यसद्वारा अल्लाह र अल्लाहका रसूललाई मिथ्या र झुट्ठा ठान्दछन् ती मानिसहरूको बारेमा जस जसलाई उनीहरू मनपराउँदैनन् र उनीसित ईर्ष्या गर्दछन्। र यसै कारण उनीहरू अल्लाह र अल्लाहका रसूलमाथि विना ज्ञान मिथ्यारोपण गर्दछन् ती मानिसहरूको

बारेमा जससित उनीहरू प्रेम गर्दछन् र उनीहरूको प्रेममा सीमा अतिक्रमण गर्छन् । र यसै उल्टो स्वभाव र बानीको कारण उनीहरूले विश्वका सर्वोत्कृष्ट मानिसहरूलाई उम्मतका अवहेलित मानिस भने, तर उनीहरू यसद्वारा विशाल मिथ्यारोपण गरिरहेका छन् जसको परिणाम विनाशक र भयंकर हुनेछ ।

र अल्लाहको शान्ति अवतरित होस् हाम्रा अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँको घरपरिवार र समस्त साथीहरूमाथि ।

अन्त्यमा म अनुवादक अतीकुर्रहमान मुहम्मद इदरीस खान अल्लाहसित यो विन्ती गर्दछु कि अल्लाह हामी सबैलाई यस बहुमूल्य किताबद्वारा लाभान्वित हुने सुअवसर प्रदान गरोस्, र हामीलाई शीआ जस्ता कुटिल र पथभ्रष्ट समस्त समूहहरूबाट बचाएर अहलुस्सुन्नह वल् जमाअहको तरिकामा जीवन व्यतीत गर्ने सौभाग्य प्रदान गरोस् । र हाम्रा हृदयहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमका सहाबीहरूप्रति प्रेमद्वारा पूरिदेओस् र उनीहरूबाट ईर्ष्या गर्नुबाट बचाएर आफ्नो सदाचारी भक्तहरूमा

शम्मिलित गरोस् । र हाम्रा विगतका पापहरूलाई क्षमादान दिई स्वर्गमा प्रवेश गर्ने भाग्यवानहरूमध्येको बनाइदेओस् (आमीन) ।


**<u>अनुवादक</u>**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| क.सं. | शीर्षकहरू | पृष्ठ |
|---|---|---|
| 1 | प्रस्तावना | **2** |
| 2 | प्रक्काथन | **5** |
| 3 | प्रथम अध्याय सहाबाको परिभाषा | **15** |
| 4 | दोस्रो अध्याय सहाबीहरू र उनीहरूको श्रेष्ठताको वर्णनको उद्देश्य र हलुस्सुन्नह वल् जमाअहको दृष्टिमा उनीप्रति दायित्व र सिद्धान्त | **18** |
| 5 | तेस्रो अध्याय उम्मतमा सहाबाको दर्जा | **20** |
| 6 | चौथो अध्याय सहाबाहरूको श्रेष्ठता | **24** |
| 7 | पाँचौं अध्याय सहाबाहरूको आपसमा दर्जा श्रेणी र श्रेष्ठतामा एकआर्काबाट भिन्नता | **33** |

| | | |
|---|---|---|
| | | |
| 8 | छठौं अध्याय यस उम्मतमाथि सहाबाहरूको हक अधिकार | **50** |
| 9 | सातौं अध्याय सहाबाहरूको सत्यवानता र सत्यनिष्ठता | **56** |
| 10 | आठौं अध्याय सहाबाहरूको बारेमा अहलुस्सुन्नह वल् जमाअहको आस्था र सिद्धान्तको सार | **65** |
| 11 | उनीहरूमध्ये कसैको स्वर्गीय हुनुको गवाही दिनुबारे वर्णन | **78** |
| | | |
| | | |
| | | |
| | | |